नगर कार्यपालिका बैठकबाट स्वीकृत मिति: २०८०/०३/२९

प्रमाणिकरण मिति: २०८०/०४/०३

# सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०८०

## इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

## सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०८०

प्रस्तावना : प्रचलित सहकारी सम्वन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्वान्तहरूको अनुसरण गर्दै देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भूमिका निर्वाह गर्न सक्षम बन्न सकुन् भन्ने उद्देश्यले इटहरी उपमहानगरपालिका क्षेत्रमा संचालितसम्पूर्ण सहकारी संघ/संस्थाहरुले गर्ने ब्यावसायीक तथा वित्तीय कारोबारको नियमन कार्य प्रभावकारी बनाउँन र सहकारी संघ/संस्थाहरूको दर्ता तथा सञ्चालन सम्वन्धी कार्यलाई व्यवस्थित गर्न इटहरी उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७५ को दफा १०५ ले दिएको अधिकार प्रयोग गरी इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड (कार्यविधि) बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यस मापदण्डको नाम "सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०८०" रहेको छ ।

(ख)यो मापदण्ड कार्यपालिकाले पारित गरेपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले इटहरी उपमहानगरपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर सहकारी नियमावली, २०८० लाई सम्झनु पर्दछ ।

(ग) "मापदण्ड" भन्नाले सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०८० लाई सम्झनु पर्दछ ।

(घ) "कार्यविधि ( निदेशिका )" भन्नाले यस इटहरी उपमहानगरपालिकाको सहकारी सम्वन्धी कार्यविधि ( निदेशिका ) सम्झनु पर्दछ ।

(ङ) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्था वा संघलाई सदस्यता विस्तार र कारोबार गर्न तोकिएको भौगोलिक वा निर्दिष्ट स्थानलाई जनाउँने छ ।

(च) "निक्षेप" भन्नाले ब्याज दिने गरी वा नगरी सहकारी संस्था वा संघमा सदस्यहरूले नियमिति वा आवधिक वा ऐच्छिक रूपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउँने छ । यस शब्दले सदस्यहरूका नाबालिक बालबालिकाहरू तथा परिबारका ज्येष्ठ सदस्यहरुको नाममा नियमित जम्मा हुने बचत रकम समेत लाई जनाउँने छ ।

(छ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्था शेयर पूँजी र जगेडा कोषलाई सम्झनु पर्दछ ।

(ज) “पूँजी कोष” भन्नाले सहकारी संस्था प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्दछ र सो शब्दले इटहरी उपमहानगरपालिकाले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउँने छ ।

(झ) “पूरक पूँजी कोष” भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, डुवन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थिरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउँने छ ।

(ञ) “एकाघर परिवार” भन्नाले छुटिइ भिन्न नभइ एक घर परिवारमा बसेका बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, पति, पत्नी, छोरा, बुहारी,नाति, अविवाहित नातिनी धर्म पुत्र, धर्म पुत्रीलाई जनाउँने छ । सो शब्दले सदस्यले पालन पोषण गर्नु पर्ने वा निजको आश्रित व्यक्ति समेतलाई जनाउँने छ ।

(ट) “संस्था” भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउँछ ।

(ठ)“सदस्य” भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक वा कानूनी व्यक्तिलाई जनाउँने छ ।

(ड) “समिति” भन्नाले सहकारी संस्थाको सञ्चालक समितिलाई जनाउँने छ ।

(ढ) “साधारण सभा ” भन्नाले संस्थाको नियमित बार्षिक साधारण सभालाई जनाउँने छ ।

(ण) “शेयर पूँजी” भन्नाले संस्थाको चुक्ता शेयर पूँजीलाई जनाउँने छ ।

(त) “विनियम” भन्नाले सम्वन्धित संस्थाको विनियमलाई जनाउँनेछ ।

(थ) “संघ” भन्नाले सहकारी संस्थाहरूको छाता संगठनहरू जिल्ला सहकारी संघहरू, जिल्ला विषयगत सहकारी संघहरू, प्रदेश सहकारी संघहरू, प्रदेश विषयगत सहकारी संघहरू, विषयगत केन्दीय सहकारी संघ,राष्ट्रिय सहकारी महासंघ तथा सो शब्दले विशिष्टीकृत सहकारी संघ समेतलाई जनाउँने छ ।

(द) “लक्षित समूदाय” भन्नाले मानव विकास सूचकांकमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारिरीक रूपमा कम सक्षम, भूमिहीन किसान, सुकुम्बासी, मजदुर, सुदुर ग्रामिण क्षेत्रका बासिन्दाहरू र गरिवीको रेखामुनी रहेका अन्य समूदाय समेतलाई जनाउँने छ ।

(ध) “व्यवसायिक इकाई” भन्नाले सहकारी संस्थाहरू एक आपसमा मिलि कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरूको व्यवसायिक इकाईलाई जनाउँने छ ।

(न) “निर्देशिका” भन्नाले सहकारी संस्थाको दैनिक कारोवार संचालन, कार्यालय व्यवस्थापन लगायतका विविध विषयमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीलाई मार्गदर्शन गर्नेगरी तयार गरिएका विभिन्न निर्देशिकालाई संझनुपर्दछ ॥

(प) “प्रमुख प्रशासकीय अधिकृतले गर्ने काम” भन्नाले प्रमुख प्रशासकीय अधिकृतले गर्ने काम सम्झनु पर्दछ सो शब्दले निजले अधिकार प्रत्यायोजन गरेमा अधिकार प्रत्यायोजन गरेको “सहकारी शाखाको प्रमुखका रुपमा कार्य गर्ने कर्मचारी” लाई समेत जनाउँने छ ।

(फ) "प्रमुख कार्यकारी" भन्नाले संस्थाको कर्मचारी तर्फको प्रमुख लाई संझनु पर्दछ र सो शव्दले संस्थाको व्यवस्थापक वा प्रशासकिय प्रमुख लाई समेतलाई जनाउनेछ ।

(ब) "दर्ता गर्ने अधिकारी" भन्नाले ऐनको दफा ७१ बमोजिमको दर्ता गर्ने अधिकारीलाई संझनुपर्दछ ।

(भ) "नगर सहकारी समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको समिति संझनुपर्दछ ।

म) "लेखा सुपरीवेक्षण समिति " भन्नाले ऐनको दफा ३८ बमोजिमको समिति संझनुपर्दछ ।

## परिच्छेद -२

## दर्ता तथा सञ्चालन सम्वन्धी मापदण्डहरू

**३. सहकारी संस्था दर्ता गर्दा निम्न आधारमा गरिने छ ।**

(क) बसोबासको आधार : बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रूपमा आवेदन गर्ने अलग अलग परिवारका कम्तिमा ३० जना वा यस उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्थाको हकमा १०० जना तथा सीप र श्रममा आधारित व्यवसाय गर्ने युवा तथा श्रमिकको हकमा १५ जना प्राकृतिक व्यक्ति ले निम्नानुसारको कागजातहरू पेश गरेमा संस्था दर्ता गर्न सकिने छ ।

(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(२) हालसालै खिचिएको पासपोर्ट साइजको २/२ प्रति फोटो समेतको आवेदन,

(३) कार्यक्षेत्र भित्र बसोबास गरको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरूको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्यक्षेत्र भित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

(अ) परिवार समेत बसाईसराई. गरी आएको भए सो को प्रमाण-पत्रवा

(आ) वैवाहिक सम्वन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि वा

(इ) स्थानीय तहले स्थायी वसोवास प्रमाणीत गरेको सिफारिस पत्र वा

(ई) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत विभाग/कार्यालय खुल्ने प्रमाण र सम्वन्धित कार्यक्षेत्रमा बहालमा बसोबास गरको व्यहोरा प्रमाणित हुने स्थानीय तहले गरेको बढीमा एक महिना भित्रको सिफारिस पत्र वा

(उ) आमा, बाबु, श्रीमान्, श्रीमति र छोराछोरी बाहेक अन्यको हकमा एकाघर सगोलमा रहेको नाता समेत खुल्ने स्थानीय तहको सिफारिस पत्र ।

(ऊ) कुनै कारणले यस दफामा उल्लेख गरिएका काजजातपत्रहरु उपलव्ध हुन नसकेमा संचालक समितिको अध्यक्ष बाहेकको हकमाबढीमा २० प्रतिशत सम्म सदस्यहरुले जग्गाको धनिपुर्जा, घर निर्माण सम्पन्न भएको कागजात र पानी वा बिजुलीको विल संलग्न राखी आवेदन दिन सकिने छ ।

(ए) बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता हुन आएका सहकारी संस्थाको उपमहानगरपालिकामा कुनै एक वडामा कार्यक्षेत्र रहने गरी दर्ता गर्न सकिने छ ।

(ऐ) यस उपमहानगरपालिकामा प्रत्येक वडामा रहेको जनसंख्याको आधारमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्था नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्था दर्ता गर्न सकिने छ ।

(ऋ) संस्था दर्ता गर्न अधिकारीले संस्था दर्ता गर्दा प्रचलित नीति, नियमका साथै सदस्य बन्नका लागि कानूनले तोके बमोजिमका कागजात र बिवरणहरु सुक्ष्म ढंगले अध्ययन गरी आवश्यक देखिएमा स्थलगत निरीक्षण समेत गरी प्रकृया पुरा भएका संस्था मात्र दर्ता गरिनेछ । दर्ता प्रमाणपत्रमा संस्थाको नाम ठेगाना र प्रकृति समेत स्पष्ट खुल्नेगरी संस्था दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

(ख) पेशा र पेशागत संगठनको आधार :

(१) कम्तिमा १०० जना एउटै पेशा वा पेशागत संगठनका आधारमा व्यक्तिहरू मिलि प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्ने छन् । यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत संगठनमा आवद्धता खुल्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ । यस्ता संस्थाको कार्यक्षेत्र सदस्यहरू प्रकृति अनुसार सम्वन्धित निकायको परिसर सम्म कायम गर्न सकिनेछ।

(२) कानून बमोजिम गठित एउटा पेशागत संगठन अन्तर्गत एक भन्दा बढी संस्थाको दर्ता गरिने छैन । सम्वन्धित पेशागत संगठनको आधिकारिक सहमतिमा मात्र पेशागत संगठनको आधारमा संस्था दर्ता गर्न सकिनेछ ।

(ग) संस्थागत आधार :

(१) सरकारी निकायमा कार्यरत कर्मचारीहरू, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान, वा प्राधिकरणका कर्मचारीहरू, सार्वजनिक, निजी कलकारखानामा कार्यरत मजदुरहरु, शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरु, अस्पतालमा कार्यरत कर्मचारीहरु, शहरमा आइ बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा संगठित रहेका व्यक्तिहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा विभागको परिषरभित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोबार, सदस्यहरुको सामुहिक हित प्रवर्द्धनका लागि सामाजिक कामहरु र सास्कृतिक क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम आफ्नो पेशागत संगठनका आधारमा सहकारी संस्था दर्ता गर्न सकिनेछ ।

तर भौगोलिक क्षेत्र परिषरभित्रका बहुसंख्यक मजदुरहरुको सदस्यता रहने गरी दर्ता गरिने सहकारी संस्थालाई बचत तथा ऋण, पसल, शिशु स्याहार केन्द्र, स्वास्थ्य क्लिनिक, वाचनालय जस्ता परिषरभित्र सञ्चालन गर्न सकिने बहुमुखी काम गर्न पाउँने गरी उद्देश्यहरु राख्न दिइनेछ

यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १/१ प्रति,

(३) सम्वन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(४) सम्वन्धित निकायको स्वीकृति ।

(घ). **बहुउद्देश्यीय सहकारी संस्था दर्ता तथा विषय परिवर्तन सम्वन्धी मापदण्ड :** (१) विपन्न वर्ग र समुदायका व्यक्तिहरुको समूह, स्थानीय तहका बहुसंख्यक घर धुरी समेटी निर्माण गरिएको टोल विकास संस्थाहरुमा आवद्ध हुने व्यक्तिहरुले स्थापना गर्ने संस्थाको हकमा यो उपदफा लागू हुनेछ । यस्ता संस्थाहरुले बचत तथा ऋण परिचालन, पसल, कृषि तथा पशु व्यवसाय, सामुदायिक स्वास्थ्य सेवा, साना तथा घरेलु उद्योग व्यवसाय, सीप विकास, सामाजिक कामहरु तथा उत्पादनका क्षेत्रमा कार्य गर्ने उद्देश्यहरु राखी बहुउद्देश्यीय संस्था दर्ता गर्न सक्नेछन् । यस्तो संस्था गठन गर्न समूह गठनको पृष्ठभूमि, उद्देश्य र कार्यहरुको संक्षिप्त व्यहोरा साथै भावि कार्ययोजना सहित स्थानिय तहको वडा कार्यालयको सिफारिस सहित दर्ताका लागि आवेदन गर्नु पर्नेछ ।

(२) बहुउद्देश्यीय सहकारी संस्थाले कृषि वा लघुउद्यम सहकारी संस्थाको रुपमा सञ्चालन हुन चाहेमा विषय परिवर्तन गरी संस्था सञ्चालनका लागि स्वीकृति दिन सकिनेछ ।

(ङ) इटहरी उपमहानगरपालिकाबाट नयाँ दर्ता भएका सहकारी संस्थाहरुको बिवरण सम्बन्धित जिल्ला बिषयगत सहकारी संघ र जिल्ला सहकारी संघ लाई समेत जानकारी गराइनेछ ।

(च) इटहरी उपमहानगरपालिकाबाट नयाँ दर्ता भएका सबै सहकारी संस्थाहरु छाता संगठनका रुपमा रहेका बिषयगत जिल्ला सहकारी संघ र जिल्ला सहकारी संघमा समेत आवद्ध हुनु पर्नेछ ।

(छ) सहकारीसंस्थादर्ता गर्दा पालना गर्नुपर्ने प्रावधानहरु अनुसुची ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **संस्थाको नाम सम्वन्धी मापदण्ड :** (१) संस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट”, “डेभलपमेण्ट” तथा “वित्तीय संस्था” वा “कम्पनी” जनाउँने शब्दहरु प्रयोग गर्न पाइने छैन । यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए संस्थाले यस्तो नाम परिवर्तन गर्नु पर्नेछ ।

(२)संस्था दर्ता गर्दा यस उपमहानगरभित्र एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ ।

(३)संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ । प्रस्तावित नाममा ५ दिन भित्र शाखाले मिल्ने/नमिल्ने जानकारी दिनेछ । स्वीकृति लिएको १५ दिन भित्रमा प्रस्तावितनामको संस्था दर्ताका लागि यस उपमहानगरपालिकामा निवेदन पेश गरी सक्नु पर्नेछ । सो अवधि नाघि सके पछि उक्त नाम अरुले पनि प्रयोग गर्न सक्नेछन् ।

(४) कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रबर्द्धित भनी उल्लेख गरिएको संस्था दर्ता गरिने छैन । यस्तो शब्दको प्रयोग संस्था सञ्चालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउँन पाइने छैन ।

(५) तोकिएको भौगोलिक क्षेत्र भन्दा व्यापक कार्यक्षेत्र जनाउँने नाम राखी संस्था दर्ता गरिने छैन ।

(६) सञ्चालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शब्द जोडी संस्था दर्ता गरिने छैन ।

(७) संस्थाको नाम देवनागरि लिपिमा लेखिने नेपाली भाषा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपाली फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नामको अर्थ खुल्ने गरी कम्तीमा २ अक्षरको हुनु पर्नेछ । नामको अगाडि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन । संस्थाको नाममा "सहकारी" र "लिमिटेड" प्रयोग गर्नु अनिवार्य हुनेछ ।

**५. संस्थाको नाम परिवर्तनको प्रक्रिया र कार्यविधि :** (१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति दिइने छैन ।

(२) उद्देश्य परिवर्तन गर्ने प्रयोजन र कार्यक्षेत्र विस्तारको हकमा शाखाले नाम परिवर्तन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) नाम परिवर्तनका लागि साधारण सभाको निर्णयले प्रस्ताव पारित गर्नुपर्नेछ ।

(४) ग्रामीण तहमा सञ्चालनमा रहेका कुनै सहकारी संस्थाले कृषि सहकारी जनाउँने गरी तथा दफा ३ उपदफा (घ) खण्ड (२)को अधिनमा रही बहुउद्देश्यीय संस्थालाई एकल उद्देश्यको नाम र उद्देश्य परिवर्तन गर्न चाहेमा प्रश्रय दिइने छ ।

(५) उपदफा (२) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएमा स्वीकृति पाउने संस्थाले निम्नानुसार गर्नु पर्नेछ :-

(क) रु १० करोड भन्दा बढी बचत तथा ऋणको प्रमुख कारोवार गर्ने संस्थाहरुले नाम परिवर्तन भएको कुरा खोली राष्ट्रिय दैनिक पत्रिकामा दुइ पटक सूचना प्रकाशित गर्नु पर्नेछ । अन्य सहकारी संस्थाहरुले यस्तो सूचना स्थानीय दैनिक पत्रिका वा दैनिक पत्रिका नभए स्थानीय एफ एम रेडियोबाट कम्तिमा दुइ पटक प्रशासरण गर्नु पर्नेछ,।

(ख) खण्ड (क) बमोजिम सूचना प्रकाशित गर्दा नाम परिवर्तन भएपछि साविक नामबाट गरिएको कारोवारको जिम्मेवारी नाम परिवर्तन हुने संस्थामै रहने कुरा समेत सूचनामा उल्लेख गर्नु पर्नेछ ।

(ग) नाम परिवर्तनका लागि नगर सहकारी समितिको सैद्धान्तिक सहमति अनिवार्य हुनेछ ।

(घ)नाम परिवर्तन भएपछि त्यस्तो संस्थाले आफ्ना शेयर सदस्यहरु लगायत सरोकारवाला निकायहरुलाई लिखित रुपमा जानकारी गराउनु पर्नछ ।

**६. सहकारी संस्थाको बिषय परिवर्तन सम्वन्धी मापदण्ड :** (१) इटहरी उपमहानगरपालिकाको नियमन क्षेत्र भित्र संचालित बचत तथा ऋण सहकारी संस्थाहरु, उत्पादक र उपभोक्ता प्रकृतिका विषयगत संस्थाहरु एवं वहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाहरुले आफ्नो विषय अनुसार कारोवारको प्रकृति मिलाउन एक पटकका लागि विषय परिवर्तन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम विषय परिवर्तन गर्दा संस्थाको कार्यक्षमता, सदस्यको आवश्यकता, व्यवसायिक संभाव्यता समेतको आधारमा निश्चित प्रकृया अनुसार हालको विषयलाई परिवर्तन गरी सहकारी संस्थाहरु अर्को विषयमा रुपान्तरण हुनु पर्नेछ ।

(३) सहकारी संस्थाहरु देहाय बमोजिम एक विषयबाट अर्को विषयमा रुपान्तरण हुन सक्नेछन् :

(क) बचत तथा ऋण बाहेक बहुउद्देश्यीय कारोवार गर्ने सहकारी संस्थाबाट बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा ।

(ख) बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाबाट बचत तथा ऋण बाहेक अन्य विषयगत सहकारी संस्थामा वा वहुउद्देश्यीय सहकारी संस्थामा ।

(ग) वचत तथा ऋण बाहेक एक विषयको अन्य विषयगत संस्थाबाट बचत तथा ऋण बाहेककै अर्को विषयको अन्य विषयगत सहकारी संस्थामा ।

(घ) बचत तथा ऋण वाहेकको अन्य विषयगत संस्थाबाट वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा ।

(४) विषय परिवर्तन गर्न चाहने सहकारी संस्थाहरुले निम्न अनुसारको प्रक्रिया पुरा गर्नुपर्नेछ :

(क) वचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाबाट वचत तथा ऋण बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थामा रुपान्तरण हुन :

१) जुन विषयमा कारोवार गरिरहेको छ सोही विषयसँग सम्वन्धित उद्धेश्य तथा कामहरु राखी विनियम संसोधन गर्ने,

२) आवधिक र ऐच्छिक बचत वापत संकलन गरेको वचत सम्वन्धित सदस्यलाई फिर्ता गर्ने तथा रुपान्तरण भएपछि सो प्रकृतिको वचत संकलन नगर्ने व्यवस्था गर्ने,

३) ऐनको दफा २(ट) अनुसार मुख्य व्यावसायिक कारोवार र वचत संरचना तयार गरी तोकिएको सीमा कायम रहने गरी सदस्यको नियमित वचत मात्र संकलन गर्ने व्यवस्था मिलाउने,

४) सदस्यको वचत फिर्ता समेत गरी कारोवारमा वचतको हिस्सा र मुख्य कारोवारको हिस्सा समेत देखिने गरी वित्तिय प्रक्षेपण सहितको विवरण तयार गरी १ वर्ष भित्र कारोवार मिलान गरिसक्ने,

५) बहुउद्देश्यीय सहकारी संस्थामा रुपान्तरण हुने भए सदस्यको उत्पादन खरिद र सदस्यलाई उपभोग्य वस्तु विक्रि सहितको मुख्य कारोवार हुने गरी उद्देश्य र कार्यहरु राखी विनियम संसोधन गर्ने,

६) माथि उल्लेखित प्रावधानहरुको आवश्यकता अनुसार विनियममा व्यवस्था गरी कार्ययोजनातथा प्रस्ताव समेत तयार गरी साधारण सभाको बहुमतले पारित गरेको हुनुपर्नेछ ।

(ख) वहुउद्धेश्यीय र वचत तथा ऋण बाहेक अन्य विषयगत सहकारी संस्थाबाट वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा रुपान्तरण हुन निम्न प्रक्रिया पूरा गरी कार्यालयमा आवेदन दिनु पर्नेछ :

१) विषयगत सहकारी संस्थाको रुपमा संस्थाले सञ्चालन गरेका वचत परिचालन बाहेक अन्य व्यवसायहरु वन्द गरी दायित्व फरफारक गरिएको र सम्पत्ति नगदमा परिणत भएको हुनुपर्ने,

२) बचत तथा ऋणको कारोवार गर्ने संस्थामा परिणत भएको एक वर्ष भित्र संरक्षण, संरचना, लागत, तरलता समेतको वित्तिय अनुशासनको स्थापित मापदण्डहरु पुरा गर्न प्रतिवद्ध हुनुपर्ने,

३) संस्थामा वचत नगरी अन्य व्यवसायिक कारोवारमा मात्र संलग्न सदस्यहरु कायम राख्न नहुने,

४) सम्पत्ति सुद्धिकरण कानुन अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशिकाका व्यवस्थाहरु समेत पालना गर्नुपर्ने,

५) प्राथमिक पुँजी कोष र जम्मा वचत दायित्वको अनुपात १:१५ सम्म हुनुपर्ने,

६) बचत तथा ऋण नीति तथा अन्य आवश्यक नीतिहरुतयार गरी साधारण सभाबाट पारित गर्नुपर्ने,

७) वचत तथा ऋण लगानीको व्याजदर प्रचलित कानुनको परिधिमा रही तर्जुमा गरी पेश गर्नुपर्ने,

८) वचत तथा ऋण लगानीको आगामी तीन वर्ष सम्मको कार्ययोजना तथा प्रक्षेपण पेश गरेको हुनपर्ने ।

(५) वचत तथा ऋण वाहेक एक विषयको अन्य विषयगत सहकारी संस्थाबाट बचत तथा ऋण बाहेक नै अर्को विषयको अन्य विषयगत सहकारी संस्थामा वा बहुउद्धेश्यीय सहकारी संस्थामा रुपान्तरण हुन रुपान्तरित हुने विषय अनुसारको काम वा बहुउद्देश्यीय प्रकृतिको उद्देश्य र कार्यहरु विनियममा राखी विनियम संशोधन गर्नुपर्नेछ ।

(६) विषय परिवर्तन गर्न इच्छुक सहकारी संस्थाले उपदफा (४) बमोजिमको कागजातहरु तयार गरी आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपीहरु सहित निर्णय भएको पैतीस दिन भित्र कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले कागजातहरुको अध्ययन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी सम्पूर्ण प्रक्रिया पुरा भएको भए कागजात प्राप्त भएको तीस दिन भित्र विषय परिवर्तनको स्वीकृति सहित विनियम संसोधनको स्वीकृति गरीदिइनेछ ।

(८) उपदफा (२) बमोजिम कागजातको अध्ययन तथा स्थलगत निरीक्षणका क्रममा विषय बस्तुसँग सम्वन्धित थप कागजात एवं जानकारी माग भएमा उपलव्ध गराउनु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ

(९) उपदफा (७) बमोजिम विषय परिवर्तनको स्वीकृति पाएपछि संस्थाले विषय परिवर्तन भएको व्यहोराको जानकारी सदस्य एवं सरोकारवालालाई सार्वजनिक सूचनाको माध्यमबाट गराउनु पर्नेछ ।

(१०) इटहरी उपमहानगरपालिका बाट दर्ता भएका सहकारी संस्थाको विषय परिवर्तन गर्न सकिने छैन ।

(११) विषय परिवर्तन गर्न चाहने सहकारी संस्था दर्ता भएको कम्तिमा ५ वर्ष पुरा भएको हुनुपर्नेछ ।

**७. शेयर पुँजी सम्वन्धी मापदण्ड :** (१) संस्थाले जारी गर्ने कूल शेयरपूजीरकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्था दर्ता गर्न आवेदन गर्दा कुल शेयर पूजी उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावित सदस्यहरुले खरिद गरेको शेयर पुँजी ,शेयर खरिदकर्ताको नाम नामेसी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नुपर्नेछ ।

(४) शेयर पूजी वापत संकलित रकम बैकमा जम्मा गरेको भौचर वा जिम्मा बुझिलिनेको भरपाई संलग्न हुनु पर्नेछ ।

(५) संस्थाको स्वीकृत विनियममा उल्लेख भएको शेयर पूजी भन्दा बढी शेयर संकलन गर्न पाइने छैन । उल्लेखित कुल शेयर पूँजी वृद्धि गर्नुपर्ने भएमा विनियम संसोधनको प्रक्रिया मार्फत गर्नुपर्नेछ ।

(६) संस्थाको विनियममा उल्लेखित कुल शेयर पूँजी वृद्धि गर्दा एक पटकमा विनियममा उल्लेख गरेको कुल शेयर पूँजी रकमको पाँच गुणा भन्दा बढी वृद्धि गर्न सकिने छैन ।

(७) संस्थाको कुल शेयर पुँजीको विस प्रतिशत भन्दा वढी कुनै व्यक्तिलाई शेयर विक्रि गर्न पाइने छैन ।

**८. शेयर खरीद र अन्य सहकारीमा लगानी सम्वन्धी मापदण्ड :** (१) एउटा सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्न पाउने छैनन् ।

(२) आफू सदस्य रहेको छातासंघ वा सहकारी बैक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा वचत निक्षेप जम्मा गर्न पाउने छैन । छातासंघहरु वा सहकारी बैकमा राखिएको निक्षेप रकम लाई तरलतामा गणना गरिने छ ।

(३) प्रचलित कानून, सहकारी ऐन तथा नियमावलीको अधिनमा रही सहकारी संस्थाहरुले साझेदारीमा उद्योग व्यवसायहरु, परियोजना, प्रशोधन कारखाना, आदि संचालन गर्न सक्नेछन् तर त्यसका लागि शाखाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उद्योग व्यवसायको व्यवस्थापनका लागि संचालक समितिको संचालक सदस्यबाट अवधि तोकी प्रतिनिधीत्व गराउनु पर्नेछ वा विनियममा व्यवस्था गरी प्रतिनिधि निर्वाचन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) वित्तिय कारोवार बाहेकको उद्देश्यका लागि संस्थाहरुको संयुक्त वा एकल लगानीमा व्यवसाय संचालन गर्ने गरी सहकारी उद्योग वा व्यवसाय दर्ता गर्न सकिनेछ । लगानीको सीमा मापदण्डको दफा १८ को उपदफा (२) मा तोकिए बमोजिम हुनेछ ।

**९. संचालक र लेखा सुपरीवेक्षण समिति गठनका शर्तहरु :**(१) एकै परिवारबाट एक भन्दा बढी व्यक्ति एकै पटक एउटै संस्थाको संचालक वा लेखा सुपरीवेक्षण समितिको कुनै पदका लागि निर्वाचनमा उमेद्वार हुन पाउने छैन ।

(२) प्रारम्भिक सहकारी संस्थामा कम्तिमा ७ जना र वढीमा ११ जनाको सञ्चालक समिति रहने छर सञ्चालक समितिमा रहने पदाधिकारी तथा सदस्यको संख्या विजोडी संख्यामा हुनुपर्नेछ ।

(३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण रकम नबुझाए सम्म र बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा परेको व्यक्ति संचालक वा लेखा सुपरीवेक्षणसमितिको कुनै पदमा उम्मेद्वार हुन पाउने छैन ।

(४) संचालक समितिले आफ्नो पदावधि समाप्त हुनु कम्तीमा १५ दिन अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

(५) समितिको पदावधि समाप्त भएर पनि निर्वाचन नगराउने संस्थाको शाखाले निर्वाचन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा सम्वन्धित संस्थाको विद्यमान पदाधिकारी, कर्मचारी एवं सदस्यहरुले आवश्यक सहयोगगर्नु पर्नेछ । यस अनुसार हुने निर्वाचनको व्यवस्थापनको जिम्मेवारी र लाग्ने खर्च सम्वीन्धत संस्थाले व्यवस्था गर्नुपर्नेछ ।

(६) यस मापदण्डको दफा ९(४) बमोजिम निर्वाचन हुन नसक्ने मनासिव कारण सहित सञ्चालक समितिको बैठकले निर्णय गरी शाखामा अनुरोध गरी आएमा शाखाले बढीमा ३ महिना सम्मको म्याद थपी निर्वाचनका लागि समय प्रदान गर्न सक्नेछ ।

(७) संस्थाको संचालक वा लेखा सुपरीवेक्षण समितिमा उमेद्वार हुने व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचाको मनोनयन पत्र निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(८) कुनै व्यक्ति एकै समयमा एक भन्दा बढी समान स्तरको अर्को सहकारी संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी हुन पाउने छैन ।

(९) अन्य कुनै सहकारी संस्था वा सोही संस्थामा कार्यरत कर्मचारी कुनै पनि सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा रहन पाउने छैन ।

(१०) संस्थाको विनियममा संचालकको पदमा उम्मेदवार हुन सदस्यका बीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाइने छैन ।

तर, पछाडी परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा विशेष व्यवस्था गरिएको भएमा सो अन्तर्गतका पदहरुमा सोही लिगं वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेद्वार बन्न र निर्वाचित हुन बाधा पर्ने छैन ।

(११) मतदानमा सहभागी हुन पाउने सबैको हक सुरक्षित गर्नु पर्नेछ ।

(१२) स्थानियतह, प्रदेशसभा ,प्रतिनीधिसभा एवम् राष्ट्रीयसभाका कुनै पनि पदमा निर्वाचित वा मनोनित पदाधिकारी एवम् सदस्यहरु सहकारीको संचालक समिति वा लेखा सुपरीवेक्षण समितिका कुनै पनि पदमा निर्वाचित वा मनोनित हुन पाउने छैनन् ।

(१३) सहकारी संघ संस्थाहरुको दर्ता तथा नियमन सम्बन्धि कार्यमा प्रत्यक्ष रुपमा संलग्न निर्वाचित वा मनोनीत हुने सार्वजनीक पदमा बहाल रहेका पदाधिकारी वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कुनैपनि कर्मचारी सहकारी संघ संस्थाको संचालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वन मनोनीत हुन सकने छैनन् ।उल्लेखित पदहरुमा बहाल रहेको भएमा तत्काल राजीनामा गर्नु पर्नेछ ।यसरी रिक्त हुन आएका पदहरु सो पछि हुने बार्षिक साधारणसभामा उप निर्वाचनको माध्यमबाट पूर्ति गर्नु पर्नेछ । पेशागत आधारमादर्ता भएका/हुने सहकारी संस्थामा सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक लाभको पदमा कार्यरत कुनै पनि राष्ट्रसेवक सहकी संघ संस्थाको संचालक समिति वा लेखा सुपरीवेक्षण समिति वा व्यवस्थापक वा कर्मचारी भई काम काज गर्न पाउने छैनन् ।

(१४) संचालक समिति वा लेखा सुपरिवेक्षण समितिको कुनै पदमा उम्मेदवार हुने व्यक्ति संस्थाको सदस्यता प्राप्त गरि तिन वर्ष सम्म निरन्तर शेयर सदस्य रही सदस्यको दायित्व निर्वाह गरेको हुनुपर्ने छ ।

(१५) प्रत्येक संस्थाको संचालक समिति र लेखा समितिको पदाधिकारी निर्वाचनमा उपलव्ध भए सम्म तेत्तिस प्रतिशत महिला नेतृत्व निर्वाचित हुने गरी विनियममा विशेष व्यवस्था मिलाउनु पर्नेछ

(१६) संस्थाको लेखासुपरीवेक्षण समितिमा एक जना संयोजक सहित दुइजना सदस्य रहने छन् ।

(१७) संस्थाको लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यको उमेदवार हुन सम्वन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तिन वर्ष पुरा भएको, संस्थालाई तिर्नु वा बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको र संस्था आफै वा अन्य निकायको तर्फवाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्वन्धित तालिम लिएको व्यक्ति हुनु पर्नेछ ।

**१०. सञ्चालक समितिको काम तथा कर्त्तव्य :** ऐन, नियमावली तथा विनियममा गरिएको व्यवस्थाका अतिरिक्त देहायका जिम्मेवारी बहन गर्ने दायित्व समितिको हुनेछ :

(क) संस्थाको बचत तथा सम्पतिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रूपमा सञ्चालकहरूको हुनेछ।

तर, बरबुझारथ नगरेको अवस्था सम्म संस्था वा संघको सम्पति र दायित्व सम्वन्धी जिम्मेवारी अघिल्लो सञ्चालकहरूले समेत बहन गर्नु पर्नेछ । बरबुझारथ भए गरेकोमा सोही बमोजिम दायित्व निर्वाह गर्नु पर्नेछ ।

(ख) बचत तथा ऋणको कारोबार गर्ने संस्थाले साधारण सभाको स्वीकृतिमा बनेको बचत तथा ऋण नीतिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरे देखि बाहेक ऋण उप-समितिको सिफारिसमा मात्र सञ्चालक समितिले ऋण लगानी गर्नु पर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्वन्धित निर्णय गर्ने अधिकारी,धितो सुरक्षण

मुल्याङ्कनमा संलग्नप्राविधिक ,सिफारिस गर्नेकर्मचारी, निर्णयमा संलग्न समितिका सबै पदाधिकारीहरूले सामुहिक रुपमा जिम्मेवारी बहन गर्नु पर्नेछ ।

(ग) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्थाका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको हालसालै खिचिएको फोटो सहित तीन पुस्ते विवरण नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने अनुसुची- २ को ढाँचामा ब्यक्तिगत विवरण दुइ प्रति वनाइ शाखामा पेश गर्नु पर्नेछ ।

(घ) यस मापदण्डको दफा १०(ग) बमोजिमको विवरण पेश गर्दा देहायका कागजातहरु समेत संलग्न गराइ पेश गर्नुपर्नेछ ।

१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

२) शेयर सदस्य प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३) नागरिकता प्रमाणपत्रमा स्थायी ठेगाना संस्थाको कार्यक्षेत्र भन्दा बाहिरको भएमा बसाइ सराइ प्रमाणपत्रको प्रतिलिपि वा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

४) कुनै कारणले यस मापदण्डको दफा १०(घ) ३ अनुसारको सम्पुर्ण सञ्चालक वा लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरुको कागजात पत्र संलग्न गर्न नसकेमा वढीमा २० प्रतिशत सम्म सञ्चालक वा लेखासुपरीवेक्षण समितिका पदाधिकारीहरु तथासदस्यहरु संथाको कार्यक्षेत्र भित्रको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलीपी, घर निर्माण सम्पन्न भएको प्रमाण पत्रको प्रतिलिपि र पानी वा बिजुलीको बिल सलग्न गराई पेश गर्न सकिने छ ।सो बाहेक बाँकीको हकमा दफा (१०) ३ बमोजिमका कागपातहरु अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

५) लेखा सुपरीवेक्षण समितिको हकमा संस्था आफै वा अरु कसैले सञ्चालन गरेको लेखा वा लेखापरीक्षण सम्वन्धि कम्तिमा तिन दिनको तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

(ङ) प्रारम्भिक संस्थाको सञ्चालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा सञ्चालक समितिजिम्मेवार हुनेछ ।

(च) सञ्चालक र व्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्वन्धि नियमावली र स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुविधाको प्रचलन र संस्थाको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजका लागि शाखाले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्नु संस्थाको कर्त्तव्य हुनेछ ।

(छ) समयमा नै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व सञ्चालक समितिको हुनेछ । पदावधि समाप्त हुनु कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ ।

(ज) कुनै सदस्यले सदस्यता छाड्न चाहेमा ३० दिन अघि लिखित रुपमा समिति समक्ष निवेदन पेश गर्नुपर्ने छ । सञ्चालक समितिले बैठकबाट निर्णय गरी त्यस्तो सदस्यको सम्पति र दायित्व यकिन गरी शेयर रकम फिर्ता गर्नु पर्नेछ । सञ्चालक समितिले शेयर रकम फिर्ता नगरेमा सो को पुनरावेदन सुन्ने निकाय साधारण सभा हुनेछ ।

(झ) नियामक निकाय वा छाता संघहरुले गर्ने नियमित वा सघन अनुगमनमा सहयोग गर्नुसम्वन्धित सहकारी संस्थाको सञ्चालक समितिको कर्तव्य हुनेछ ।

(ञ) अनुगमन समितिको सुझाव कार्यान्वयन गर्नु सम्वन्धित संस्थाको दायित्व हुनेछ ।

**११. लेखा सुपरीवेक्षण समितिको दायित्व र शर्तहरू :** ऐन, नियमावली तथा विनियममा गरिएको व्यवस्थाको अतिरिक्त देहायका जिम्मेवारी वहन गर्ने दायित्व लेखा सुपरीवेक्षण समितिको हुनेछ ।

(क) प्रत्येक संस्थाको लेखा सुपरिवेक्षण समितिले देहायका विषयमा परीक्षण गरी अनुसूची- ३ को ढाँचामा अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारण सभा र सो को एक प्रति शाखामा पेश गर्नु पर्नेछ । लेखासुपरीवेक्षण समितिको प्रतिवेदनमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ :-

(१) व्यवस्थापन परीक्षण ( खासगरी कर्मचारी व्यवस्थापन र सम्पतिको उचित प्रयोग र संरक्षणका बारेमा ),

(२) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था,

(३) सञ्चालक समितिको बैठक, निर्णय र कार्यान्वयनको अवस्था,

(४) बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था

(५) कार्यालयद्वारा जारी मापदण्डको कार्यान्वयनको अवस्था

(६) कार्यालयद्वारा वा सम्वन्धित संघहरुले अनुगमन निरीक्षण गर्दा देखाइएको कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था,

(७) संस्थाको पदाधिकारी, प्रमुख कार्यकारी तथा अन्य कर्मचारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण,

(८) कर्मचारी भर्ना प्रक्रिया,

(९) शेयर सदस्यहरुलाई दिइएको मुनाफा र अन्य थप सुविधाहरु,

(१०) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु ।

(ख) लेखा सुपरीवेक्षण समितिले चौमासिक आधारमा नियमिति परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(ग) लेखा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन नियमित बार्षिक साधारण सभा बस्नु भन्दा कम्तिमा १५ दिन अगाडि सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । सञ्चालक समितिले बार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) लेखासुपरीवेक्षण समितिको प्रतिवेदनहरु लेखा परीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ।

(ङ) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुख मार्फत समितिमा पेश गर्नु पर्नेछ ।

(च) प्राप्त प्रतिवेदन बारे सञ्चालक समितिलाई स्पष्ट पार्न सञ्चालक समितिको बैठकमा लेखा सुपरीवेक्षणसमितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नसकिने छ ।

(छ) अनुगमनका क्रममा लेखा समितिले आफ्नो दायित्व बहन गर्न नसकेको वा नगरेको पाइएमा वा कुल सदस्य संख्याको एक चौथाइ सदस्यहरुले शाखामा निवेदन दिएमा दर्ता गर्ने अधिकारीलाई उचित लागेमा तत्काल अर्को लेखा समिति गठनका लागि विशेष साधारण सभा बोलाउँन निर्देशन दिन सक्नेछ ।

**१२ साधारण सभा सम्वन्धि व्यवस्था :** ऐन नियमावली तथा विनियममा गरिएको व्यवस्थाका अतिरिक्त साधारण सभा सम्वन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सम्वन्धित संस्थाको लेखा परीक्षणकोसक्कल प्रतिवेदन, कारोबारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेका साधारण सभाका निर्णयकाप्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए सञ्चालक र लेखा समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण, निर्वाचन समितिले गरेका निर्णयहरुको प्रमाणीत प्रतिलिपिशाखामा पेश गर्नु पर्नेछ ।

(ख) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरु पूरा गर्नु सघ/संस्थाको कर्त्तव्य हुनेछ :

(१) साधारण सभा बस्ने सूचना संस्थाको विनियमले तोकेको भए तोकिएको समय वा विनियममा नतोकिएको भए कम्तिमा ३० दिन अगाडि शेयर सदस्यहरुलाई पत्राचार गर्नुपर्ने वा स्थानीय पत्रपत्रिका वा एफ.एम.वा टेलिभिजनमा प्रकाशन वा प्रशारण गर्नुपर्नेछ ,

(२) विशेष साधारण सभा बस्ने सूचना संस्थाको विनियमले तोकेको भए तोकिएको समय वा विनियममा नतोकिएको भए कम्तिमा १५ दिन अगाडि शेयर सदस्यहरुलाई पत्राचार गर्नुपर्ने वा स्थानीय पत्रपत्रिका वा एफ.एम.वा टेलिभिजनमा प्रकाशन वा प्रशारण गर्नुपर्नेछ, ,

(३) यस्तो सूचनाका लागि सबै सदस्यहरुले जानकारी पाउँने माध्यमको उपयोग गर्नु पर्नेछ,

(४) पत्राचार गरिएको वा प्रकाशित वा प्रशारित सूचनाको जानकारी शाखालाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ ,

(५) सूचनामा सभा बस्ने स्थान, मिति, समय र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ ।,

(६) नयाँ सञ्चालक समिति र लेखा समितिका रिक्तपदहरुमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्वन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नुपर्नेछ,

(७) सभा बस्ने स्थान संस्थाको कार्यक्षेत्र भित्र वा बहुसंख्यक सदस्यलाई पायक पर्ने स्थानमा हुनु पर्नेछ ।

(८) साधारण सभा सञ्चालन सम्वन्धी प्रक्रिया मितव्ययी, पारदर्शि तथा स्वच्छ रुपमा सम्पन्न गर्नु पर्नेछ ।

(९) परिवहन वा यातायात खर्चका नाममा अनावश्यक प्रतिस्पर्धा सिर्जना हुने गरी अस्वभाविक ढंगले रकम वितरण गर्न पाईने छैन ।

(१०) नयाँ संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन समेत हुने साभारण सभाको सूचना जारी गरी सकेपछि साधारण सभा सम्पन्न नभए सम्मको अवधिमा नयाँ सदस्यता प्रदान गर्न पाइनेछैन ।

(ग) सहकारी संस्थाको नियमित बार्षिक साधारण सभा पौष मसान्त भित्रमा सम्पन्न गरीसक्नुपर्नेछ ।

(घ) २ हजार भन्दा बढी शेयर सदस्य भएका संस्थाहरुको हकमा प्रत्येक १० जनाबाट १ जना प्रतिनिधि सहभागि हुने गरी साधारण सभा सम्पन्न गर्न सकिनेछ तर यसका लागि विनियममा उल्लेखित विषय समावेश भएको हुनपर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम प्रतिनिधि छनौट गर्दा ऐन तथा नियमावलीमा व्यवस्था भएको गणपूरक संख्या कायम हुने गरी एक क्षेत्रमा कम्तीमा दुइ सय र बढीमा पाँच सय भन्दा बढी सदस्य राख्न पाइने छैन ।

(च) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नका लागि संस्थाको संचालक समितिको संख्या भन्दा न्यूनतम १ जना बढी हुनेगरी सभामा उपस्थित सदस्यहरुमध्येबाट प्रतिनीधि चयन गरी संचालक समिति र चुनिएका प्रतिनीधिहरुले अनिवार्य रुपमा निर्णय पुस्तिकाको तल माथी दुवै ठाँउमा दस्तखत गर्नु पर्दछ ।

(छ) निर्वाचन सम्वन्धी सबै कागजपत्रहरु सीलबन्दी गरी प्रमाणित गराई कम्तिमा ६ महिना सम्म सुरक्षित राख्नु पर्नेछ ।निर्धारित निर्वाचन कार्यक्रम अनुसार प्रक्रिया पूरा नगरी गरिएको निर्वाचन वैधानिक हुने छैन । निर्वाचनप्रक्रिया पूरा नगरेको भन्ने लागेमा निर्वाचन सम्पन्न भएको ३५ दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिई सक्नु पर्नेछ । निर्वाचन सम्वन्धि प्रारम्भिक सुनुवाई दर्ता गर्ने अधिकारीले गर्नेछ ।म्याद नाघि आएको उजुरी उपर कुनै सुनुवाई हुने छैन । दर्ता गर्ने अधिकारीले १ महिना भित्र छानवीन गरी निर्णय उपलब्ध गराउँनु पर्नेछ ।

## परिच्छेद -३

## सहकारी संस्थाको कार्यक्षेत्र पुनः निर्धारण र कार्यक्षेत्र

**१३. कार्यक्षेत्रसम्वन्धि व्यवस्था :**(१) ऐन तथा नियमावलीमा गरिएको व्यवस्थाका अतिरिक्त संस्थाको कार्यक्षेत्र सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहाय बमोजिम गर्नुपर्ने छ :

(१) संस्थाको सदस्य संख्या एक हजार भन्दा माथि भएको तथा मौजुदा कार्यक्षेत्रका प्रत्येक वडाहरुमा कुल सदस्य संख्याको ५ प्रतिशत र कुल वचत तथा ऋणको ५ प्रतिशत कारोवार भएको,

(२) संस्थाको प्राथमिक पूजीकोष कम्तिमा २ करोड र जगेडाकोष कम्तिमा ३५ लाख हुनुपर्ने,

तर एउटा मात्र वडा कार्यक्षेत्र भएका साविकका सहकारी संस्थाहरुमा कम्तिमा १ करोड शेयर पुंजी र २५ लाख जगेडा कोष भएको भए पनि कार्यक्षेत्र थप गर्न सकिनेछ ।

(३) थप कार्यक्षेत्र माग गरिएको क्षेत्रबाट संस्थाको क्षेत्र विस्तार भएपछि सदस्य बनी कारोवार गर्न इच्छुक सोही प्रकृतिको अन्यकुनै पनिसंस्थामा आवद्ध नभएका कम्तिमा ५० जना व्यक्तिहरुको आवेदन प्राप्त भएको ।

(४) कार्यक्षेत्र बिस्तार गरिने सम्वन्धित वडाको सिफारिस संलग्न भएको,

(५) थप हुने लगायत मौजुदा कार्यक्षेत्रमा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको,

(६) अनुसूची ५ मा उल्लेखित सूचक बमोजिम शाखाले संस्थाको अनुगमन गरी दिएका निर्देशनहरु कार्यान्वयन गरेको वा निश्चित समय भित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको,

(७) विस्तार हुने कार्यक्षेत्रमा सदस्यता विस्तार तथा कारोवार विस्तार सहितको कम्तिमा १ वर्षको कार्ययोजना पेश भएको,

(८)संचालकहरु, विषयगत उपसमितिका पदाधिकारीहरु, कर्मचारीहरुले सहकारी सम्वन्धि कम्तिमा एकवटा अभिमुखीकरण तालिम लिएको,

(९) संस्था दर्ता भएको ५ वर्ष पूरा भएको र विगत ५ वर्ष देखि संस्था लगातार नाफामा सञ्चालित भएको,

(१०) कार्यक्षेत्र थप सहित विनियम संसोधनको प्रस्ताव र वुँदा ७ बमोजिमको कार्ययोजना साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको,

(११) कार्यक्षेत्र विस्तारकालागि नगर सहकारी समितिबाट सैद्धान्तिक सहमति प्राप्त गरेको ।

(१२) शाखाले आवश्यक देखी माग गरेको अन्य कागजात/विवरण पेश भएको ।

(ख) अन्य विषयगत र वहुउद्देश्यीय सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको शर्तहरु पुरा भएको हुनुपर्नेछ :

१. विषय अनुसारको मुख्य कारोवार ऐनले निर्धारण गरेको मापदण्ड अनुसार भएको,

२. संस्थाको सदस्य संख्या पाँच सय भन्दा माथि भएको तथा मौजुदा कार्यक्षेत्रका प्रत्येक वडाहरुमा कुल सदस्य संख्याको ५ प्रतिशत सदस्यहरु र कुल खरिद वा विक्रि कारोवारको ५ प्रतिशत कारोवार भएको,

३. संस्थाको प्राथमिक पुँजीकोष एक करोड रुपैया भन्दा वढी भएको,

४. थप कार्यक्षेत्र माग गरिएको क्षेत्रवाट संस्थाको क्षेत्र विस्तार भएपछि सदस्य बनी कारोवार गर्न इच्छुक कम्तिमा ३० जना व्यक्तिहरु भएको यथेष्ट प्रमाण पेश भएको,

५.कार्यक्षेत्र बिस्तार गरिने सम्वन्धित वडाको सिफारिस संलग्न भएको,

६. थप हुने लगायत मौजुदा कार्यक्षेत्रमा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको,

७.अनुसूची ६ मा उल्लेखित सूचक बमोजिम शाखा तथा संघले संस्थाको अनुगमन गरी दिएका सुझावहरु कार्यान्वयन गरेको वा निश्चित समय भित्र कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको,

८. विस्तार हुने कार्यक्षेत्रमा सदस्यता विस्तार तथा कारोवार विस्तार सहितको कम्तिमा १ वर्षको कार्ययोजना,

९. सञ्चालकहरु, विषयगत उपसमितिका पदाधिकारीहरु, कर्मचारीहरुले सहकारी अभिमुखीकरण सम्वन्धि कम्तिमा १ दिने तालिम लिएको,

१०. संस्था दर्ता भएको कम्तिमा ५ वर्ष पुरा भएको र विगत ५ वर्ष देखि संस्था लगातार नाफामा सञ्चालित रहेको,

११. कार्यक्षेत्र थप सहित विनियम संसोधनको प्रस्ताव र बुँदा ८ बमोजिमको कार्ययोजना साधारण सभामा कुल सदस्य संस्थाको बहुमतबाट पारित भएको,

(११) कार्यक्षेत्र विस्तारकालागि नगर सहकारी समितिबाट सैद्धान्तिक सहमति प्राप्त गरेको ।

(१२) शाखाले आवश्यक देखी माग गरेको अन्य कागजात/विवरण पेश भएको ।

१३) कार्यक्षेत्र थप गरिने वडाहरु साविक कार्यक्षेत्र सँग सिमा जोडिएको हुनुपर्ने छ ।

(ग)शाखाबाट दर्ता स्वीकृत भएका संस्थाका सम्बन्धमा निम्नानुसार प्रकृया पुरागरी कार्यक्षेत्र बिस्तारको स्वीकृति दिन सकिनेछ ।

(१) शाखाबाट यस अघि दर्ता भएका विषयगत सहकारी संस्थाको कार्यक्षेत्र १ वटा वडा सम्म मात्र सिमित भएकोमा र कार्यक्षेत्र थप गर्न चाहेमा संस्था दर्ता भएको कम्तिमा ३ वर्ष पुरा भइ लगातार नाफामा रहेको र सहकारी ऐन, नियम बमोजिमको कारोवारको मापदण्ड पुरा गरेको भए साविक कार्यक्षेत्र सँग सिमा जोडिएका वढीमातिनवटा वडा सम्म कार्यक्षेत्र थप गर्न सकिनेछ ।

(२) कार्यक्षेत्र विस्तारको स्वीकृति लिन सहकारी संस्थाले माथि उल्लेख भए बमोजिमको कागजातहरु तयार गरी आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपीहरु सहितशाखामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि शाखाले कागजातहरुको अध्ययन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी सम्पूर्ण प्रक्रिया पुरा भएको भए कागजात प्राप्त भएको तीस दिन भित्र नगर सहकारी समितिको बैठकमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम कागजातहरुको अध्ययन तथा स्थलगत निरीक्षणका क्रममा विषय वस्तुसँग सम्वन्धित थप कागजात एवं जानकारी माग भएमा उपलब्ध गराउनु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(५) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावमा नगर सहकारी समितिले आवश्यक छलफल गरी कार्यक्षेत्र विस्तारको सैद्धान्तिक सहमतिको लागि निर्णय गरिदिन सक्नेछ ।

(६) उपदफा (३) बमोजिम कार्यक्षेत्र विस्तारको स्वीकृति पाएपछि संस्थाले सो व्यहोराको जानकारी सदस्य एवं सरोकारवालालाई सार्वजनिक सूचनाको माध्यमबाट गराउनु पर्नेछ ।

(७) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको कार्यक्षेत्र विस्तारको स्वीकृति दिदा आवश्यकता, व्यवसायिक सम्भाव्यता र सदस्यता मागको अवस्था समेत हेरी एक पटकमा बढीमा जोडिएका तिनवटा वडा सम्म कार्यक्षेत्र विस्तार गर्न स्वीकृति दिइनेछ ।

(८) अन्य विषयगत र वहुउद्देश्यीय कारोवार गर्ने सहकारी संस्थाको कार्यक्षेत्र विस्तारको स्वीकृति दिँदा आवश्यकता, सम्भाव्यता र सदस्यता मागको अवस्था समेत हेरी वढीमा जोडिएका पाँच वटा वडा सम्म कार्यक्षेत्र विस्तार गर्न स्वीकृति दिइनेछ ।

(९) एक पटक कार्यक्षेत्र विस्तार गरेपछि दुई वर्ष सम्म कार्यक्षेत्र विस्तार गर्न पाइने छैन ।

(१०) यस अघि कार्यक्षेत्र विस्तारको स्वीकृति लिएका संस्थाहरुले यो मापदण्ड जारी भएको एक वर्ष भित्रमा थपिएको लगायत समग्र कार्यक्षेत्रमा सदस्य र कारोवारको न्यूनत्तम मापदण्ड पुरा नगरेमा तथा अनुगमनको क्रममा दिइएका निर्देशनहरु कार्यान्वयन नगरेको खण्डमा शाखाले थपिएको लगायत समग्र कार्यक्षेत्रको पुनर्निर्धारण गरी सदस्य र कारोवारको न्यूनत्तम मापदण्ड पुरा भएका कार्यक्षेत्र मात्र कायम हुने गरी निर्णय गर्न सक्नेछ ।

(घ) इटहरी उपमहानगरपालिकाको नियमनक्षेत्र भित्र सञ्चालित पेशागत सहकारी संस्थालाई आवश्यकताका आधारमा शाखाले इटहरी उपमहानगरपालिका भरि कार्यक्षेत्र कायम गरिदिन सक्नेछ ।

ङ) इटहरी उपमहानगरपालिका भित्र कारोबार गर्ने गरी स्थापना एवम् दर्ता भएका सबै सहकारी संघ/ संस्थाहरु, अन्यत्र संस्था दर्ता गरी यस उपमहानगरपालिका क्षेत्रमा शाखा , सेवाकेन्द्र वा बिक्रिकक्ष स्थापना गरी कारोबार संचालन गरी आएका सबै सहकारी संघ/संस्थाहरु, शाखा, सेवाकेन्द्र तथा बिक्रिकक्षहर समेत इटहरी उपमहानगरपालिका द्वारा जारी सहकारी ऐन २०७५को दफा ७ (३) बमोजिम अनिबार्य रुपमा सुचिकृत हुनु पर्नेछ ।

च) उप दफा (ङ) बमोजिम सूचीकृत भएका सहकारी संघ /संस्था, शाखा कार्यालय, सेवा केन्द्र वा बिक्रि कक्षहरुको शाखाले अनुगमन गर्न सक्नेछ ।

**१४. कार्यक्षेत्र पुनः निर्धारण सम्वन्धि व्यवस्था** : (१) प्रत्येक सहकारी संस्थाको स्वीकृत कार्यक्षेत्र भित्रका प्रत्येक वडामा संस्थाको कुल कारोवारको कम्तिमा ५ प्रतिशत वा सदस्य संख्याको कम्तिमा ५ प्रतिशत रहने गरी न्यूनत्तम मापदण्ड रहनेछ ।

(२) उपदफा (१) बमोजिमको न्युनत्तम मापदण्ड पुरा भएका वडामात्र कार्यक्षेत्र कायम रहने गरी मापदण्ड नपुगेका बाँकी वडाहरु भिकीशाखाले कार्यक्षेत्र पुनः निर्धारण गरी दिनेछ ।

**१५. संस्थाको सेवाकेन्द्र स्वीकृति सम्वन्धी मापदण्ड :** (१) सहकारी संस्थाहरुले शाखाको स्वीकृति विना सेवाकेन्द्र वा शाखा कार्यालय वा उपशाखा कार्यालय वा बिक्रिकेन्द्र खोली सञ्चालन गर्न पाउने छैनन ।

(२) यस अघि शाखाको स्वीकृति विना सेवाकेन्द्र खोली सञ्चालन गरिरहेका संस्थाहरुले यो मापदण्ड जारी भएको एक महिना भित्र कुन कुन स्थानमा सेवाकेन्द्र खोलेको हो, सोको विस्तृत विवरण शाखामा पेश गरी स्वीकृतिको माग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भई आएपछि शाखाले यस मापदण्ड बमोजिम प्रक्रिया पुगे नपुगेको हेरी त्यस्तो सेवाकेन्द्र स्वीकृति गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(४) सेवाकेन्द्रको स्वीकृति दिँदा कुन स्थानमा सेवाकेन्द्र सञ्चालन गर्ने हो सो स्थानको नामनै उल्लेख गरी सेवाकेन्द्रको स्वीकृति दिइनेछ । स्वीकृति दिए वाहेक अन्य स्थानमा सेवाकेन्द्र सञ्चालन गर्न पाइने छैन ।

(५) यस अघि विनियममा संख्या मात्र उल्लेख गरी वा नगरी आफुखुसी विभिन्न स्थानमा सेवाकेन्द्र खोली सञ्चालन गरेका सहकारी संस्थाहरुले उपदफा (२) र (३) बमोजिमको प्रक्रिया पुरा गरी हालका सेवाकेन्द्र नियमित गर्नुका साथै अवदेखि अनिवार्य रुपमा स्थान नै तोकेर मापदण्डको प्रक्रिया पुरा गरेर स्वीकृति लिएर मात्र सेवाकेन्द्र सञ्चालन गर्नुपर्नेछ ।

(६) सेवाकेन्द्र स्वीकृति प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको स्वीकृति दिँदा देहायको शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

१. संस्थाको सदस्य संख्या दुइ हजार भन्दा माथि भएको तथा मौजुदा कार्यक्षेत्रका स्थानीय तहका प्रत्येक वडाहरुमा कुल सदस्य संख्याको कम्तिमा ५ प्रतिशत सदस्यहरु र कुल बचत तथा ऋण कारोवार ५ प्रतिशत कारोवार भएको ।

२. संस्थाको प्राथमिक पुँजी कोष पाँच करोड रुपैया भन्दा वढी भएको,

३. संस्थाको कार्यक्षेत्र कम्तिमा ६ वटा वडामा फैलिएको,

४. स्थापना हुने सेवा केन्द्रवाट सोही प्रकृतिका अन्य कुनै संस्थामा सदस्य नरहेका कम्तिमा ३०० जना सदस्यहरुलाई सेवा दिनुपर्ने अवस्था रहेको,

५. सेवाकेन्द्र स्थापना गरिने वडाको सिफारिस संलग्न भएको,

६. संस्थामा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको,

७. अनुसुची २ मा उल्लेखित सूचक बमोजिम शाखाले संस्था अनुगमन गरी दिएका सुझावहरु कार्यान्वयन गरेको वा निश्चित समयभित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको,

८. सेवाकेन्द्र सञ्चालन गर्ने क्षेत्रमा सदस्यता विस्तार, कारोवारको विस्तार तथा आम्दानी र खर्च सहित कम्तिमा १ बर्षको कार्ययोजना पेश भएको,

९. सञ्चालकहरु, विषयगत उपसमितिका पदाधिकारी, कर्मचारीहरुले कम्तिमा १ दिनको सहकारी सम्वन्धि अभिमुखीकरण तालिम लिएको,

१०. संस्था दर्ता भएको ५ वर्ष पुरा भएको र विगत ५ वर्ष देखि संस्था लगातार नाफामा सञ्चालित भएको,

११. सेवाकेन्द्र स्थापना सहित विनियम संसोधन प्रस्ताव र वुँदा नं. ८ बमोजिमको कार्ययोजना साधारण सभाको वहुमतबाट पारित भएको,

१२. शाखाले आवश्यक देखी माग गरेको अन्य कागजात /विवरण पेश गरेको ।

ख. अन्य विषयगत र वहुउद्देश्यीय सहकारी संस्थाको सेवाकेन्द्र स्वीकृत गर्दा देहायको शर्तहरु पुरा भएको हुनुपर्नेछ :-

१. ऐनले निर्धारण गरेको विषय अनुसारको मापदण्ड पुरा भएको,

२. संस्थाको प्राथमिक पुँजी कोष एक करोड रुपैया भन्दा वढी भएको,

३. संस्थाको कार्यक्षेत्र कम्तिमा ६ वटा वडामा फैलिएको,

४. स्थापना हुने सेवा केन्द्रवाटसोही प्रकृतिका अन्य कुनै संस्थामा सदस्य नरहेका कम्तिमा २००जना सदस्यहरुलाई सेवा दिनुपर्ने अवस्था रहेको,

५. सेवाकेन्द्र स्थापना गरिने वडाको सिफारिस संलग्न भएको,

६. संस्थामा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको,

७. अनुसुची २ मा उल्लेखित सूचक बमोजिम शाखाले संस्था अनुगमन गरी दिएका सुझावहरु कार्यान्वयन गरेको वा निश्चित समयभित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको,

८. सेवाकेन्द्र सञ्चालन गर्ने क्षेत्रमा सदस्यता विस्तार, कारोवारको विस्तार तथा आम्दानी र खर्च सहित कम्तीमा १ बर्षको कार्ययोजना पेश भएको,

९. सञ्चालकहरु, विषयगत उपसमितिका पदाधिकारी, कर्मचारीहरुले कम्तिमा १ दिनको सहकारी सम्वन्धि अभिमुखीकरण तालिम लिएको,

१०. संस्था दर्ता भएको ३ वर्ष पुरा भएको र विगत ३ वर्ष देखि संस्था लगातार नाफामा सञ्चालित भएको,

११. सेवाकेन्द्र स्थापना सहित विनियम संसोधन प्रस्ताव र वुँदा नं. ८ बमोजिमको कार्ययोजना साधारण सभाको वहुमतबाट पारित भएको,

१२. शाखाले आवश्यक देखी माग गरेको अन्य कागजात /विवरण पेश गरेको ।

(७) सेवाकेन्द्रको स्वीकृति लिन सहकारी संस्थाले माथि उल्लेख भए बमोजिमका कागजातहरु तयार गरी आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपीहरु सहितशाखामा आवेदन दिनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम निवेदन प्राप्त भएपछि शाखाले कागजातको अध्ययन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी सम्पूर्ण प्रक्रिया पुरा भएको भए कागजात प्राप्त भएको तिस दिन भित्र सेवाकेन्द्रको स्वीकृति सहित विनियम संसोधन स्वीकृति गरी दिनेछ ।

(९) उपदफा (८) बमोजिम कागजातहरुको अध्ययनका तथा स्थलगत निरीक्षणका क्रममा विषय वस्तु सँग सम्वन्धित थप कागजात एवं जानकारी माग भएमा उपलव्ध गराउनु सम्वन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(१०) उपदफा (८) बमोजिम सेवाकेन्द्र स्वीकृति पाएपछि संस्थाले सो व्यहोराको जानकारी सदस्य एवं सरोकारवालालाई सार्वजनिक सूचनाको माध्यमबाट गराउनुपर्नेछ ।

(११) बचत तथा ऋण सहकारी संस्थाले सेवाकेन्द्रलाई सदस्यबाट बचत संकलन गर्नेसदस्यलाई ऋण लगानी गर्ने तथा साँवा व्याज तिर्ने सेवा प्रवाह गर्ने स्थानको रुपमा मात्र प्रयोग गरी दैनिक रुपमा सेवा केन्द्र भएको कारोवारको हिसाव मुल कार्यालयमा पठाउनु पर्नेछ । मुल संस्थाको शाखाको रुपमा कारोवार गर्ने गरी सञ्चालन गर्न पाइनेछैन ।

(१२) अन्य विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाले सेवाकेन्द्रलाई सदस्यहरुबाट भएको उत्पादन संकलन गर्ने र सदस्यलाई सामान विक्रि गर्ने तथा मापदण्ड भित्र रही वचत परिचालन गर्ने स्थानको रुपमा मात्र प्रयोग गरी दैनिक रुपमा सेवा केन्द्रबाट भएको कारोवारको हिसाव मुल कार्यालयमा पठाउनु पर्नेछ ।

(१३) यस अघि स्थान नै तोकी सेवा केन्द्र संचालनको स्वीकृति लिएका संस्थाहरुले एक वर्ष भित्रमा सेवा केन्द्र सञ्चालन नगरेमा वा सेवा केन्द्र सञ्चालनको न्युनत्तम सदस्य संख्या नपुऱ्याएमा वा कार्यक्षेत्रमा सदस्य वा कारोवारको न्युनत्तम मापदण्ड पुरा नगरेमा वा अनुगमन गरी दिइएका निर्देशनहरुको पालना नगरेको खण्डमा शाखाले कार्यक्षेत्रको पुनः निर्धारण गरी सदस्य र कारोवारको न्युनत्तम मापदण्ड पुरा भएका कार्यक्षेत्र मात्र कायम गरी सेवाकेन्द्र हटाउन निर्देशन दिनेछ ।

(१४) सेवाकेन्द्र सञ्चालन गर्ने सहकारी संस्थाहरुले मुल कार्यालयलाई प्रधान कार्यालय, मुख्य कार्यालय तथा सेवा केन्द्रलाई शाखा कार्यालय जस्ता शब्दावलीले सम्वोधन गर्न तथा साइनवोर्ड समेत सोही अनुसार राख्न पाइने छैन । संस्थाको मूल कार्यालयलाई सहकारी संस्था मात्र जनिने गरी र सेवाकेन्द्रलाई संस्थाको नाम लेखी तल जुन स्थानको सेवा केन्द्र हो सोही मात्र राखी सेवाकेन्द्र सञ्चालन गर्नुपर्नेछ । यस अघि यस अनुसार सेवाकेन्द्र सञ्चालन नगरेका सहकारी संस्थाहरुले यो मापदण्ड जारी भएको एक महिना भित्र मापदण्ड अनुसारको व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

## परिच्छेद -४

## बचत संकलन, ऋण लगानी, व्याजदर र तरलताको सीमाहरू

**१६. निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा**: (१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र सीमित गर्नु पर्नेछ ।

(२) संकलित निक्षेप रकमसदस्यहरु लाई ऋण प्रवाह गर्ने काम बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(३) संस्था र संघले बैंकहरुमा खाता खोलेको र बन्द गरेको जानकारी १० दिन भित्र शाखामा गराउनु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो सदस्य सँग निक्षेप संकलन गर्दा प्राथमिक पूँजी कोषको बढीमा १५ (पन्ध्र) गुणा सम्म मात्र संकलन गर्न सक्नेछ ।

(५) कुनै पनि सहकारी संस्थाले कमिसन एजेण्ट राखी वा कसैलाइ कमिसन वापत कुनै किसिमको पारीश्रमिक दिएर शेयर,बचत वा अन्य कुनै प्रकारको रकम संकलन गराउन पाइने छैन ।

(६)बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सञ्चालक समितिले स्वीकृत गरेको बचत तथा ऋण परिचालन निर्देशिकाको अधिनमा रही कारोबार सञ्चालन गर्नु पर्नेछ। त्यस्तो निर्देशिका लगत्तै बस्ने साधारण सभाबाट पारित गराउनु सञ्चालक समितिको दायित्व हुनेछ।

(७) उपदफा (६) बमोजिमको निर्देशिका तयार गर्दा ऐन, नियमावली, मापदण्ड तथा विनियमलाई अनिवार्य रुपमा अनुशरण गर्नु पर्नेछ ।

**१७. व्याज दर सम्वन्धी व्यवस्था :** (१) सहकारी संस्थाहरुले वचतमा दिने र ऋणमा लिने व्याजका सम्वन्धमा सन्दर्भ व्याजदर सम्वन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) बचत र ऋणको औसत व्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी कायम गर्न पाइने छैन ।

(३) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ ।

(४) आवधिक वचतका रुपमा सदस्यले जम्मा गरेको वचतमा संझौता अवधिभर व्याजदर परिवर्तन गर्न पाइने छैन ।

(५) उपदफा (४) मा उल्लेखित अवस्था बाहेक संचालक समितिको निर्णयले व्याजदर परिवर्तन गर्न सकिनेछ । व्याज दर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्नु पर्नेछ ।

(६) ऋण लगानीमा समदर तथा चक्रवृद्धि व्याज लगाउन पाइने छैन ।

(७) ऋण लगानीमा उठ्नवाँकी व्याजलाई नाफामा समावेश गरी लाभासं बाढ्न पाइने छैन ।

**१८. ऋण लागानीका लागि प्रक्रिया तथा सीमाहरुः** (१) संस्थाले आफ्नो सदस्यलाई स्रोत, जोखिम विश्लेषण एवं संस्थाको कूल पूँजी कोषको आधारमा ऋण प्रदान गर्नु पर्नेछ ।

(२) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पूँजी कोषको १० प्रतिशतमा नबढाई ऋण प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ऋण प्रदान गर्न ऋण लगानीको उद्देश्य खुलाउनु पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

(४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नु पर्नेछ ।

तर संस्थाले जेथा जमानी नभएका सदस्यलाई कुनै वा केही सदस्यहरुको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिमऋण उपसमितिको सिफारिसमा समुह जमानीमा बढीमा रु १ लाख सम्म बिना धितो ऋण लगानी गर्न बाधा पर्ने छैन । त्यस्तो लगानीको रकम कुल ऋण लगानीको २० प्रतिशत भन्दा वढी हुनु हुने छैन ।

(५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्याङ्कन प्रक्रिया, ऋण उपसिमितिको सिफारिस वा स्वीकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको ऋणलाई थाम्ने गरी जेथा धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।तेश्रो ब्यक्तिको नामका अचल सम्पत्तिको धितोमा ऋण लगानी गर्न पाईने छैन ।

(७) संस्थाबाट प्रवाहित हुने सबै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको बढीमा ७० प्रतिशत सम्मको अंश संस्थाबाट र घटीमा ३० प्रतिशत सम्मको अंश ऋणी सदस्यको स्व-पुँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाई घरजग्गा खरीद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्था वा संघले कुल ऋण लगानीको २५ प्रतिशत नबढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

(८) १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांङ्कनकर्ताहरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उपसमिति सदस्य र व्यवस्थापकको सामूहिक टोलीले मूंल्याङ्वन गर्नु पर्नेछ ।

(९) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी ऋण प्रवाह गर्न पाउने छैन ।

(१०) सकारी संस्थाहरुले ऋण लगानी गर्दा अधिकतम उत्पादनमुखी ,स्थानीय श्रोत साधनहरुको अधिकता उपयोग परिचालन,ब्यावसायीकताको विकास ,बातावरण संरक्षण, आयमुलक ब्यावसायको प्रवर्द्धन,रोजगारी सिर्जना आदी मार्फत गरिवी न्यूनिकरण तर्फ प्राथमिकता दिनु पर्नेछ ।

(११) संस्था दर्ता हुँदाका बखत रहेका सदस्यहरु बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन महिना सम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण प्रबाह गर्न सकिनेछ ।

(१२) साधारण सभाको स्वीकृतिमा कर्जा प्रवाह सम्वन्धी प्रशासनिक खर्चका लागि बढीमा १ (एक ) प्रतिशत सम्म सेवा शुल्क लिन र ०.२५ (सून्य दशमलव दुइ पाँच) प्रतिशत सम्म धितो मूल्याङ्कन शुल्क लिन सक्नेछ। संस्थागत मुल्याङ्कन कर्ताबाट धितो मुल्याङ्कन गराउनु पर्दाको लागत सम्वन्धित ऋणी सदस्यले व्यहोर्ने गरी व्यवस्था मिलाउन सकिनेछ।

(१३) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा व्याज हिसाब गर्नु पर्नेछ। व्याज पूँजीकरण गर्न पाइने छैन।

(१४) धितो वापतको सम्पत्ति संघ/ संस्थाको नाममा दृष्टिबन्धक वा रोक्का गराई राख्नु पर्नेछ।

(१५) संस्थाका संचालक तथा लेखा समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन। संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अवधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन। तर यस्तो प्रकारको ऋण लगानी गर्दा संचालक समितिको बैठक निर्णयबाट मात्र गर्नु पर्नेछ।

(१६) संस्थाको संचालक समिति, लेखा समिति, ऋण-उपसमितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण चौमासिक रुपमा अनुसुची ७ को ढाँचामा शाखामा पेश गर्नुपर्नेछ।

**१९. ऋणको बर्गिकरण :**बचत तथा ऋण सहकारी संस्थाहरुले आफ्ना सदस्यलाई लगानी गरेका मध्ये बाँकी ऋण लाई भूक्तानी मितिको आधारमा तपशिल बमोजिम बर्गिकरण गरी PEARLSMonitoringSystem अनुसार देहाय बमाजिम अनिवार्य रुपमा  र अन्य बिषयगत सहकारी संस्थाहरुले समेत कम्तिमा पनि हरेक आषाढ मसान्तमा बाँकी रहेका सबै ऋणलाई तपशिल बमोजिमनै बर्गीकरण गरी अनिबार्य रुपमा ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ।

| ऋणको बर्गिकरण | भाखा नाघेको अवधी | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराब ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

**२०. तरलता सम्वन्धी व्यवस्था :** (१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलतामा राख्नु पर्नेछ। नगद मौज्दान, बैक मौज्दात, सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैक तथा छाता संघहरुमा जम्मा रहेको निक्षेप रकमलाई  समेत तरलताको रुपमा गणना गर्न सकिनेछ।

**२१. सहकारी उद्योग व्यवसायमा लगानी :** (१) सहकारी संस्थाले जगेडा कोषमा राखिएको रकमबाट वचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाको हकमा ५० प्रतिशत र अन्य संस्थाको हकमा बढीमा ८० प्रतिशत सम्म र पूँजी निक्षेपको अनुपात कायम रहने गरी थप पूँजी सिर्जना गरी संस्थागत विकासकालागि वा सहकारी संघ संस्थाहरुको संयुक्त लगानीमा स्थापना हुने वित्तिय कारोवार बाहेक उद्योग व्यवसायमा लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगानी गर्न साधारण सभाको सहमति तथा प्रचलित कानूनले निर्धारण गरेका प्रक्रिया अवलम्वन गर्नुपर्नेछ।

**२२. संरक्षित पूँजी फिर्ता कोष :** (१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई प्रत्येक सदस्यले गरेको कारोवारको आधारमा बाँडफाँड गरी भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यो कोषमा जम्मा रहेको रकम चालु आ.ब. भित्रमा  अनिवार्य रुपमा वितरण गरी सक्नु पर्नेछ ।

**२३. लाभांशं वितरणमा प्रतिवन्ध :** सहकारी संस्थाले संस्थाको अघिल्लो वर्ष सम्मको खुद संचित नोक्सानी पुरा नभए सम्म सदस्यलाई लाभांस बाड्न पाइने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरुलाई लाभांश बाड्न पाइने छैन ।

## परिच्छेद - ५

## संघहरुको काम, कर्त्तव्य र दायित्व

**२४. जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ :** (१) जिल्ला सहकारी संघले नगर भित्रका सबै जिल्ला बिषयगत संघ एवम् प्रारम्भिक सहकारी संस्थाहरुको विकास र प्रवर्द्धनका लागि देहायका कामहरु गर्नेछ :

(क) सहकारी संस्थाहरु वीच सहकार्य, सहयोग, समन्वय र एकताको भावनाको विकास गर्ने,

(ख) राष्ट्रिय सहकारी दिवसको कार्यक्रम जिल्ला तहमा संयोजन गर्ने,

(ग) नगर भित्र रहेका सबै सहकारी संस्थाहरुलाई सदस्यता विस्तार गर्ने,

(घ) पूर्व सहकारी शिक्षा तथा आधारभूत सहकारी शिक्षा सम्वन्धी तालिम कार्यक्रमहरु सञ्चालन गर्ने,

(ङ) सहकारी प्रति जनचेतना अभिवृद्धि गर्न स्थानीय स्तरमा विभिन्न वर्ग र समुदायका वीच पुग्ने गरी सहकारी जागरणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) आर्थिक विकास गर्न सहकारीका मूल्यहरु र सिद्धान्तहरुको प्रवर्द्धन गर्ने,

(छ) जिल्ला तहमा सहकारी सूचना व्यवस्थापन र प्रशारणको व्यवस्था मिलाउने,

(ज) संस्थाहरु वीचका समस्याहरु समाधान गर्न मध्यस्थताको भूमिका निर्वाह गर्ने,

(झ) संस्थाहरु वीच देखिने अस्वस्थ प्रतिस्पर्धा न्यून गर्न पहल गर्ने । स्वस्थ र सक्षम सहकारी संस्थाहरुको विकासका लागि मर्जर कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने ।

(ञ) उल्लेखित कार्यहरु सम्पादन गर्नका लागि जिल्ला सहकारी संघले विषयगत जिल्ला संघ तथा पालिका स्तरको समन्वय समितिको परिचालन गर्नसक्नेछ ।

**२५. अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने :**-(१) आफ्नो सदस्य संस्थाको नियमित रुपमा अनुगमन गरी वर्षको एक पटक सोको एक प्रति सुझावहरु सहितको समष्टिगत प्रतिवेदन संघले शाखामा उपलव्ध गराई शाखा र शाखाको कामलाई थप प्रभावकारी वनाउन र स्वनियमनको सिद्धान्तलाई व्यवहारिक प्रयोग गर्ने कार्यमा योगदान पुऱ्याउनु पर्नेछ ।

(२) इटहरी नगरक्षेत्र बाहिर समेत कार्यक्षेत्र भै प्रदेश तहबाट नियमन हुने सहकारी संस्थाहरु समेत कार्यालयले अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गरिएका संस्थाहरुमा पाईएको अवस्थाको ब्यहोरा प्रदेश सहकारी रजिष्ट्रार कार्यालय समेत जानकारी गराईनेछ ।

## परिच्छेद-६

## निस्क्रिय संस्था र दर्ता खारेजी

**२६. निष्क्रिय संस्था :** (१) लगातार २ बर्ष  देखि वार्षिक साधारण सभा नगर्ने र यस उपमहानगरपालिकाको सहकारी शाखामा नियमित रुपमा विवरण नबुझाउँने सहकारी संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था सहकारी शाखाले मिलाउनेछ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउँने, निर्धारित समयमा साधारण सभा नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र सहकारी शाखाले  जारी गरेको निर्देशन एवं मापदण्ड तथा विनियमको परिपालना नगरे सम्म त्यस्तो संस्थाहरुलाई इटहरी उपमहानगरपालिका, सहकारी शाखाबाट उपलब्ध गराइने सेवा सुविधाहरु उपलब्ध गराइने छैन ।

(३) दुइ वर्ष भन्दा बढी अवधिसम्म लेखापरीक्षण नगराउने तथा बार्षिक साधारण सभा नगर्ने संघ संस्थाहरु निष्कृय संघ संस्थाहरुको सूचीमा समावेश गरिनेछ । यस्तो सूचीमा परेकाहरुको सम्पत्ति र दायित्व नरहेको पाइएमा प्रक्रिया पुऱ्याइ दर्ता खारेज गरिनेछ । सम्पत्ति र दायित्व बाँकी देखिएमा संस्थाहरु विघटनको प्रक्रियामा लगिनेछ। संस्था खारेजी र विघटनको कार्य शाखाले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नेछ ।

(४) हाल सम्म निष्क्रिय देखिएका र सम्पर्कमा नरहेका सहकारी संस्थाहरुको खोजीका लागि सम्वन्धित वडा कार्यालयहरु सँग समन्वय गरिनेछ ।

२७**दर्ता खारेजीको जानकारी गराउने** : शाखाले सहकारी संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्वन्धित संघहरुलाई दिनेछ ।

## परिच्छेद-७

## लेखापरिक्षण तथा लेखापरिक्षकले पालना गर्नुपर्ने मापदण्ड

**२८.लेखापरीक्षण गराउनु पर्ने सम्बन्धि ब्यवस्था :** सबै सहकारी संस्थाहरुलेपछिल्लो बार्षिक साधारण सभाबाट नियुक्त गरिएका रजिष्टर्ड लेखापरीक्षकबाट आर्थिक बर्ष ब्यतित भएको महिना (आश्विन मसान्त) भित्रमा अनिवार्य रुपमा लेखापरीक्षण सम्पन्न गराउनु पर्नेछ ।

**२९.लेखापरीक्षक नियुक्ति सम्वन्धी व्यवस्था** :-(१) संस्थाको चालु आर्थिक बर्षको कारोबार लेखापरीक्षण गराउनको लागि संचालक समितिको बैठकबाट निर्णय गरी इच्छुक रजिष्टर्डलेखापरीक्षकहरुमध्येबाट तपशिलका कागजातहरु सहित लेखापरीक्षण गरे वापत लिने शुल्क समेत खुलाई आवेदन गर्नका लागि ७ दिने सूचना प्रकाशित गर्नु पर्दछ । सो पछि बस्ने संचालक समितिको बैठकबाट प्राप्त आवेदनहरुमध्ये रित पूर्वकका कागजात संलग्न भएका र कम पारीश्रमिकमा लेखापरीक्षण गर्ने प्रस्ताव गरेका लेखापरीक्षक र सो पछिको अर्को १ जना वैकल्पिक लेखापरीक्षक समेतको छनौट गरी सो प्रस्ताव अनुसारको लेखापरीक्षक र निजको पारीश्रमिक समेत साधारणसभाबाट अनुमोदन गराईएको हुनु पर्नेछ ।लेखापरीक्षकले आवेदन साथ निम्नानुसार कागजातहरुपेस गर्नु पर्नेछ ।

क) लेखापरीक्षण गरे वापत लिने पारीश्रमिक समेत खुलाईएको निबेदन
ख)लेखापरीक्षकको लेखापरीक्षण इजाजत पत्रको प्रतिलिपी
ग) लेखापरीक्षकको स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपी
घ) लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी
ङ)लेखापरीक्षकनियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखित स्वघोषणा पत्र,

(२) सहकारी संस्थाहरुले ऐनको दफा ५६ बमोजिम लेखापरीक्षक नियुक्त गरेपछि निम्न विवरण सहित ७ दिन भित्रमा शाखामा सो को जानकारीगराउनु पर्नेछ ।
क) विगत तिन वर्षमा नियुक्त लेखापरीक्षकको नाम, ठेगाना
ख) नियुक्ति तथा पारिश्रमिकका सम्वन्धमा साधारण सभाको निर्णयको प्रतिलिपी
ग) लेखापरीक्षकको लेखापरीक्षण इजाजत पत्रको प्रतिलिपी
घ) लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी
ङ) लेखापरीक्षकबाट प्राप्त प्राप्त हुने कागजातका साथमा नियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखित स्वघोषणा पत्र,
च) लेखापरीक्षको कार्यक्षेत्रगत शर्त सहितको नियुक्ति पत्र ।
(३) सहकारी संस्थाहरुले लेखापरीक्षक नियुक्त गरेको प्रक्रिया नमिलेको वा अयोग्य भएको देखिएमा आवश्यक जाँचबुझ गरी कार्यालयले अर्को लेखापरीक्षक नियुक्तिका लागि ७ दिन भित्र निर्देशन दिने र संस्थाले पुन: प्रक्रिया पुरा गरी अर्को लेखापरीक्षक नियुक्त गरी जानकारी दिनुपर्नेछ ।
(४) लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरको ७ दिन भित्र प्रारम्भिक प्रतिवेदन सहकारी संस्थाको व्यवस्थापकिय प्रक्रियाका लागि उपलव्ध गराउनु पर्नेछ ।
(५) पच्चीस करोड रुपैया भन्दा वढी सम्पत्ति तथा दायित्व भएका संस्थाहरुलको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन शाखामा समेत पेश गर्नुपर्नेछ ।
(६) प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ७ दिन भित्र व्यवस्थापकीय र नियामक प्रतिक्रिया प्राप्त भएमा सो समेत समावेश गरी ७ दिन भित्र अन्तिम प्रतिवेदन संस्थामा पेश गर्नुपर्नेछ ।

**३०. लेखापरीक्षकले पालना गर्नुपर्ने मापदण्डहरु** : (१) लेखापरीक्षकले संघ संस्थाको लेखापरीक्षण गर्दा ऐनको दफा ५५, दफा ५६ र दफा ५७ ले निर्दिष्ट गरेको व्यवस्थाका अतिरिक्त देहायका मापदण्डहरुको पालना गर्नु पर्नेछ :-

(क) रु १ करोड भन्दा बढी वचत परिचालन गर्ने संस्था वा संघको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा अनुसूचि ८ बमोजिमको ढाँचामा सम्वन्धित नियमनकारी विभागमा लङ फर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(१) कार्यक्षेत्र बाहिर र गैर सदस्यसँग कारोवार गरे नगरेको, गरेको भए त्यस्ता व्यक्ति वा निकायको संख्या र कारोवार विवरण,

(२) बचत तथा ऋणको करोवार गर्ने संघ संस्थाको PEARLS का आधारमा वित्तिय अवस्था,

(३) शेयर सदस्यहरुलाई शेयर लगानीको १८ प्रतिशतसम्म मात्र लाभांश बाड्न पाइने प्रावधान विपरित अन्य कुनै नामबाट थप रकम उपलव्ध गराए नगराएको, गराएको भए सो को विवरण स्पष्ट रुपमा उल्लेख गर्ने,

(४) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पेश्की रकम, पेश्की लिनुको उद्धेश्य र पेश्की लिएको अवधि,

(५) समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकले लिएको पारिश्रमिक र अन्य सुविधाहरु र सोको आधार,

(६) समितिका पदाधिकारी र व्यवस्थापकको नाममा रहेको ऋण रकम, व्याजदर, ऋणको किसिम, भुक्तानिको आवस्था र ऋण स्वीकृतिको प्रक्रिया,

(७) निजी कम्पनी वा फर्ममा गरिएको ऋण वा शेयर लगानी र त्यस्तो कम्पनी वा फर्मको धनी वा संचालकहरु एवं सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरु एकै भए नभएको विवरण,

(८) जगेडा कोषको व्यवस्था र उपयोग,

(९) ढुकुटी, कारोबार काउन्टर र मार्गस्थ नगदको विमा व्यवस्था भए नभएको, भएको भए सो को विवरण,

(१०) जोखिम कोषको व्यवस्था र जोखिममा रहेको लगानी,

(११) आन्तरिक नियन्त्रण पद्धति प्रभावकारी भए नभएको सो को आधार,

(१२) लेखा समितिको सक्रियता, प्रभावकारीता र दिइएका सुझावहरुको कार्यान्वयनको अवस्था,

(१३) लिने दिने व्याज दरको औसत स्प्रेड दर र लिने दिने व्याजको स्ल्याव अन्तर,

(१४) ऋण प्रवाहमा लिइएको सेवा शुल्कको दर र ऋण प्रवाहको काममा हुने खर्च सँग तादात्मयता,

(१५) कुल ऋण तथा शेयर लगानी एवं सम्पत्ति खरिदको शीर्षकगत विवरण,

(१६) लगानीको सुरक्षणको अवस्था र धितोको अवस्था,

(१७) नियमानुसार सरकारी राजस्व कट्टी र दाखिलाको अवस्था,

(१८) शाखा वा छाता संघ बाट गरिएको अनुगमन निरीक्षण प्रतिवेदन र सुझावहरुको कार्यान्वयनको अवस्था,

(१९) साधारण सभा एवं अन्य बैठकको नियमितता,

(२०) शाखाले जारी गरेको यस मापदण्ड बमोजिम पालना नगरिएको प्रमुख व्यवस्थाहरु ।

(ख) खण्ड (क) मा उल्लेखित मापदण्ड सम्वन्धमा कुनै द्विविधा उत्पन्न भएमा शाखामा लिखित रुपमा सुझाव माग गर्नुपर्नेछ । यसरी सुझाव माग गरिएकोमा शाखाले ७ दिनभित्र स्पष्ट सुझावहरु लिखित रुपमै दिनेछ ।,

(ग) खण्ड (ख) बमोजिम दिइएको सुझाव र खण्ड (क) बमोजिम मापदण्ड अनुसारका यथार्थ विवरणहरु प्रतिवेदनले प्रकाश नपारेमा सो लेखा परीक्षण गर्ने लेखा परीक्षकलाई नियमानुसार आवश्यक कारबाहीका लागि आरोपलाई पुष्ट्याँई गर्ने आवश्यक कागजात सहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा शाखाले उजुरी पठाउनेछ ।

(घ) लेखापरीक्षकले लेखापरीक्षण गर्न नियुक्ति पाएको मितिले १५ दिनभित्र लेखापरीषण कार्य समाप्त गरी लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्वन्धित संस्थामा अनिवार्य रुपमा बुझाउनु पर्नेछ,

(ङ) लेखापरीक्षण गर्ने अधिकार प्राप्त गरेका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यालयहरुमा कार्यरत बहालबाला कर्मचारीलाई सहकारी संघ, संस्थाको लेखापरीक्षण गर्न निषेध गरिएको छ । अन्य कुनै इजाजत प्राप्त व्यक्ति वा फर्मको नामबाट काम गरेको पाइएमा सम्वन्धित कर्मचारीलाई विभागीय कारबाही हुनेछ साथै अनधिकृत व्यक्तिलाई काम लगाइएको पाइएमा सम्वन्धित व्यक्ति वा फर्मलाई नियमानुसार कारबाहीका लागि सम्वन्धित निकायमा नियमानुसार उजुरी गरिनेछ ।

(च) आफू शेयर सदस्य रहेको ब्यक्तिले सो संस्थाको लेखापरीक्षण गर्न पाउने छैनन् ।

**३१. लेखापरीक्षकलाई नियमनकारी निकायले कारबाही गर्नु पर्ने :** (१) दफा ३० को उपदफा २०(ङ) बमोजिम कारबाहीका लागि उजुरी गरिएकोमा नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाले नियमानुसार त्यस्ता लेखापरीक्षकलाई कारबाही गरी सोको जानकारी १५ दिन भित्र शाखालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र कारबाही नगरेमा त्यस्ता लेखापरीक्षकहरुलाई बढीमा ५ बर्ष सम्म कुनै पनि सहकारी संस्था र संघको लेखापरीक्षण गर्न नपाउने गरी शाखाले अभिलेख राख्नेछ ।

**३२. लेखापरीक्षण गर्न शाखामा सूचिकृत हुनुपर्ने** : (१) सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्षको लेखापरिक्षण शाखामा सूचिकृत लेखापरीक्षकहरुमध्येबाट गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आगामी आ.ब.को लेखापरीक्षण गर्न सक्ने गरी लेखापरीक्षकको सुची शाखाले प्रकासन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुचीकृत हुन चाहने लेखापरीक्षकहरुले सुचना प्रकाशित भएको ३५ दिन भित्र देहायका कागजातहरु सहितको आवेदन पेश गर्नुपर्नेछ ।

क) लेखापरीक्षण इजाजत पत्रको प्रतिलिपी

ख) प्यान वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी

ग) ऐनको दफा ५७ बमोजिम सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य नभएको स्वघोषणा पत्र

(४) दफा (३) बमोजिमको कागजात पत्रका आधारमा शाखाले आर्थिक वर्ष समेत खोली लेखापरिक्षण गर्न पाउने लेखापरीक्षकको सूचि प्रकाशन गर्नेछ ।

(५) सहकारी संस्थाले लेखापरीक्षक नियुक्ति सम्वन्धि निर्णय गर्दा उपदफा (४) को सुची भित्र बाट गर्नुपर्नेछ ।

(६) शाखामा सूचिकृत भएका लेखापरीक्षक भएतापनि आफु सदस्य रहेको सहकारी संस्थाको लेखापरिक्षण गर्न पाइने छैन ।

## परिच्छेद-८

## सहकारी संस्थाको अनुगमन तथा नियमन

**३३. अनुगमन सम्वन्धी प्रक्रिया र जिम्मेवारी :**(१) ऐन तथा नियमावलीमा भएको व्यवस्थाका अतिरिक्त सहकारी संस्थाको अनुगमन तथा निरिक्षण सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

**(क) नियमित अनुगमन :** (१) सहकारी संस्थाको नियमित अनुगमन गर्दा अनुसुची -५बमोजिमको अनुगमन निरीक्षण फारम भरी सो को आधारमा अनुगमन प्रतिवेदन तयार गर्ने कार्य शाखाको हुनेछ ।

(२) नियमित अनुगमन गरेपछि सो को १५ दिन भित्र शाखाले सम्बन्धित संस्थाको कामकारबाहीमा देखिएका कैफियतहरु र सोको सुधार गर्नुपर्ने विषयमा निर्देशन सहित लिखित पत्राचार गर्नेछ ।

(३) उफदफा (२) बमोजिम लिखित रुपमा प्राप्त निर्देशनहरु कार्यान्वयन गरी शाखामा प्रगति विवरण पेश गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(४) स्थलगत अनुगमनका अतिरिक्त शाखाले संस्थाबाट पेश भएका प्रतिवेदनहरु तथा सुचना प्रतिवेदन प्रणालीका आधारमा समेत संस्थाहरुको कामकारवाहीको नियमित अनुगमन गरी निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशनको समेत कार्यान्वयन गरी शाखामा प्रगति विवरण पेश गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(५) नियमित अनुगमनबाट दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्थाको शाखाले नियमति रुपमा अनुगमन गर्नेछ तथा आवश्यकता अनुसार पुनः अनुगमन समेत गर्न सक्नेछ ।

**(ख) सघन अनुगमन :** (१) संस्थाको सघन अनुगमन गर्नका लागि शाखाका कर्मचारीहरु, नगर सहकारी समितिका पदाधिकारीहरु तथा विशेषज्ञ सहितको सघन अनुगमन टोली गठन गर्न सकिनेछ ।

(२) सघन अनुगमन गर्दा अनुगमन टोलीले अनुसुची-६ बमोजिमको वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाकोपरिणामात्मक र गुणात्मक पक्ष देखिने सुचकहरु भएको अनुगमन निरीक्षण फारम भरी सो को आधारमा अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

(३) सघन अनुगमन गर्दा आवश्यकता अनुसार नेपाल राष्ट्र बैक तथा अन्य निकायको समेत सहयोग लिन सकिनेछ ।

(४) संस्थाको अनुगमन सम्पन्न भए पछि सो को १५ दिन भित्र अनुगमन टोलीले कार्यालयमा सघन अनुगमन प्रतिवेदन पेश गर्नेछ ।

(५) सघन अनुगमन टोलीबाट प्रतिवेदन प्राप्त भएपछि शाखाबाट सम्वन्धित संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीलाई प्रतिवेदनमा देखिएका कैफियतहरु र दिइएका निर्देशनहरुको सम्वन्धमा संस्थाको प्रारम्भिक प्रतिक्रिया सहित बोलाइ शाखामा छलफल गरिनेछ । यस्तो छलफल शाखामा वा आवश्यकता अनुसार स्थलगत रुपमा समेत आयोजना गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिमको छलफल पछि दिइएका निर्देशनहरु कार्यान्वयनका लागि सम्वन्धित सहकारी संस्थाका पदाधिकारीलाई लिखित प्रतिवद्धता गराइनेछ ।

(७) उपदफा (६) बमोजिमको निर्देशन कार्यान्वयनका लागि प्रतिवद्धता गरेपछि संस्थाले १५ दिन भित्र अनुगमनबाट दिइएका निर्देशनहरु कार्यान्वयन गर्नकालागि कम्तिमा ३ वर्षको वार्षिक कार्ययोजना तयार गरी सञ्चालक समितिबाट पारित गराई शाखामा पेश गर्नुपर्नेछ र सोको प्रगति विवरण मासिक रुपमा शाखामा पेश गर्नुपर्नेछ ।

(८) सघन अनुगमनबाट दिएका सुझावहरुको कार्यान्वयन अवस्थाको शाखाले नियमित अनुगमन गर्नेछ तथा आवश्यकता अनुसार पुनः अनुगमन समेत गर्न सक्नेछ ।

(९) ऐनको दफा ७५ बमोजिम शाखाले सहकारी संस्थाको अनुगमन गर्दा तथा छाता संघहरुले आफ्ना सदस्यहरुको कामको निरीक्षण तथा अनुगमन गर्दा यसै मापदण्ड र सूचनाको अनुसरण गर्नुपर्नेछ ।

(२) शाखाबाट संघ संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेको सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु संघ संस्थाका पदाधिकारी एवं सम्वन्धित कर्मचारीको कर्तव्य हुनेछ भने सुझाव तथा निर्देशन कार्यान्वयन गर्नु सञ्चालक समितिको दायित्व हुनेछ ।

(३) अधिकार प्राप्त सहकारीका छाता संघहरुले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नुपर्नेछ । आफूले सम्पन्न गरेको अनुगमनको विवरण एक प्रति शाखालाई समेत उपलव्ध गराउनु पर्नेछ ।

(४) गम्भिर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४ घण्टा भित्र लिखित रुपमा प्रमुख प्रशासकिय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(५) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा शाखाले १५ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्वन्धित संस्था र संघलाई लिखित जानकारी दिनु पर्नेछ । सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीलाई शाखामा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानूनी उपचार र मापदण्ड बमोजिम कारबाही अघि बढाउने काम दर्ता गर्ने अधिकारीको जिम्मेवारी हुनेछ ।

**ग) तिनै तहका सहकारी संस्थाहरुको अनुगमन गर्न सक्ने :** कार्यालयले इटहरी उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका यस उपमहानगरपालिकाको नियमन क्षेत्रका, प्रदेश सहकारी रजिष्ट्रार कार्यालयबाट नियमन हुने र संघीय रजिष्ट्रार कार्यालयबाट नियमन हुने तिनै तहका सहकारी संस्था/संघहरुको अनुगमन गर्न सक्नेछ । यसरी यस कार्यालयबाट अनुगमन गर्दा प्रदेश तह र संघीय तहको क्षेत्राधिकारका संस्थाहरुको अनुगमनमा देखिएका कैफियतका सम्बन्धमा सम्बन्धित नियामक निकायलाई समेत जानकारी गराउनेछ ।

**३४. कारबाही सम्वन्धि प्रावधानहरु** : (१) तथ्य परक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोवारका सम्वन्धमा ऐनमा भएको व्यवस्थाका अतिरिक्त देहाय बमोजिम हुनेछ :-

(क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ ।

(ख) शेयर सदस्यलाई नियमानुसार दिन सकिने लाभांश बाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाइएमा लाभांश बाहेक रकम संचालक समितिका पदाधिकारीहरुबाट दामासाहीका दरले असुल उपर गरी संघ संस्थाको जगेडा कोषमा दाखिला गराइनेछ,

(ग) कार्यकारी प्रमुख बाहेक अन्य संचालकले नियमति पारिश्रमिक लिएको पाइएमा सो रकम असूल उपर गरि संघ/संस्थाको जगेडा कोषमा दाखिला गराइनेछ । तोकिए बमोजिमको समय भित्र रकम दाखिला नगरेमा संस्थाले साँवा र व्याज समेत असूल उपर गर्नेछ,

(घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा संचालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असुल उपर गर्नु गराउनु पर्नेछ,

(ङ) प्रचलित कानुन र कार्यालयबाट जारी मापदण्डहरु पालना नगरेको पाइएमा संस्था वा संघहरुले कार्यालयबाट प्राप्त गर्ने सुविधाहरु रोक्कागर्न सक्नेछ ।

(च) कार्यक्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्य सँग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्था सँग कारोवार नगर्न सचेत गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारबाही गरिनेछ,

(छ) निक्षेप वापत संकलित रकम शाखाको स्वीकृति नलिइ अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(ज) कार्यालयले निरीक्षण अनुगमन गर्दा पाईएका त्रुटीहरु सुधारका लागि निर्देशन दिएकोमा सो को प्रत्युत्तर नपठाएको कारण ३ पटक सम्म ताकेता गर्दा समेत अवज्ञा गरी निर्देशनको कार्यान्वयन नगरे कार्यालयले संस्थामा ताला लगाई थप आवश्यक कारबाही गर्न सक्नेछ ।

**३५. विज्ञापन मार्फत सदस्यता विस्तार गर्नमा प्रतिवन्ध :** संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत संकलन र ऋण प्रावह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकुल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रशारण गरेमा प्रचलित कानुन बमोजिम ठगीको कसुरमा कारबाही हुनेछ ।

**३६. ठगीमा कारबाहीका लागि प्रहरीमा लेखी पठाइने :** देहायका कुनै पनि कार्यहरुलाई ठगी प्रकरणका रुपमा लिई संचालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई शाखाले कारवाहीका लागि प्रहरी समक्ष लेखी पठाउने छ :

क) गैर सदस्य सँग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा,

ख) कार्यक्षेत्र बाहिरका व्यक्ति वा निकायकालाई सदस्य बनाएमा,

(ग) बचत निक्षेपको रकम निजी व्यवसायमा लगानी गरेमा,

(घ) निजी प्रयोजनका लागि अनधिकृत रुपमा संचालकहरुले कोषको अपचलन गरेमा,

(ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी संचालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा,

(च) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा,

(छ) सम्वन्धित निकायबाट इजाजत लिएर मात्र गर्नुपर्ने कार्य वा कारोवार इजाजत नलिई संचालन गरेमा,

(ज) एक भन्दा बढी प्रारम्भिक सहकारी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा,

(झ) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा,

(ञ) कार्यक्षेत्र बाहिर बसोवास गर्ने व्यक्ति संस्थाको संचालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा,

(ट) सदस्यलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा,

(ड) ऐनको दफा ८१ बमोजिमको कसुर गरेको पाइएमा ।

## परिच्छेद-९

## उजुरी तथा छानबिन

**३७. उजुरी सम्वन्धि व्यवस्था** : (१) ऐन, नियमावली तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त उजुरी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) ऐन, नियमावली तथा यस मापदण्डको प्रतिकुल हुने गरी सहकारी संस्था तथा सदस्यले कार्य गरेमा वा तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा शाखामा उजुरी गर्न सक्नेछन् ।

(ख) उपदफा (१) बमोजिम उजुरी गर्दा संस्था वा सदस्यले अनुसूची-९ बमोजिमको ढाँचाको उजुरी सम्वन्धि निवेदन साथ आफैले प्रमाणित गरी निम्नानुसारका कागजात तथा प्रमाण पेश गर्नुपर्नेछ :-

(१) नाम, ठेगाना र सम्पर्क नम्वर खुल्नेगरी रु दशको हुलाक टिकट टाँस गरेको निवेदन पत्र,

(२) तिर्नु/बुझाउनु पर्ने रकम पुष्टि हुने रसिद/भौचर/नगद पास बुक,

(३) सदस्यता प्रमाण पत्रको प्रतिलिपी,

(४) फोटो सहितको तीन पुस्ते खुल्ने विवरणको प्रतिलिपी,

(५) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(६) अन्य प्रमाण तथा कागजात भए सो को प्रतिलिपी ।

**३८. छानबिन सम्बन्धि व्यवस्था :** (१) ऐन, नियमावली तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त छानबिन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) दफा ३७ बमोजिमको उजुरी प्राप्त भएपछि शाखाले सम्बन्धित संस्था वा सदस्यलाई सो सम्बन्धमा पत्राचार गरी तिर्नु/बुझाउनु पर्ने रकम तिर्न/बुझाउन वा सफाइ पेश गर्ने मौका प्रदान गर्दछ,

(ख) खण्ड (क) बमोजिम तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा वा सफाइ पेश नगरेमा शाखाले थप प्रमाण झिकाइ वा अनुगमन गरी वा नगरी कारबाही गर्न सक्नेछ,

(ग) खण्ड (क) र (ख) का अतिरिक्त सामान्य प्रकृतिका विवादमा शाखाले सम्बन्धित पक्षहरु बीच छलफल गराई विवादको समाधान गर्नमा भूमिका निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद-१०

## विविध

**३९. आचारसंहिता सम्वन्धि व्यवस्था** : (१) संस्था/संघले सहकारी मूल्य र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियममा आधारित भै संस्था/संघको पदाधिकारी , सदस्यहरु रब्यवस्थापक एवम् कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ ।

(२) संचालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारी ,सदस्यहरु ,उपसमितिका सदस्यहरु सल्लाहाकार तथा कर्मचारीहरुबाट लिने ऋणको ब्याज कम र बचत निक्षेपमा दिने ब्याज बढी तथा शेयर लाभांस लगायत संरक्षित पूजी फिर्ताकोष  रकम बितरण गर्दा समेत बिभेदजन्य कार्य गर्न पाईने छैन ।यस्तो कार्य गरेको पाईएमा कम तिरेको ब्याज ,बढी दिएको ब्याज र लाभांस वापत समेतको रकममा संस्थाले लिने गरेको अधिकतम दरले हुने ब्याज समेत गणना गरी निजहरुबाट असुल उपर गरी संस्थाको जगेडाकोषमा जम्मा गर्नु पर्नेछ । तर साधरण सभाबाट पारीत कार्यविधिको अधिनमा रही संस्थामा कार्यरत कर्मचारीहरुलाई दिईने सुविधामा सहुलियतपूर्ण ब्याजदर कायम गर्न बाधा पर्ने छैन ।

(३) सहकारी संस्थाहरुल ATM, QR Code, Mobile Banking लगायतका अन्य बिद्युतिय प्रविधि प्रयोग गरी सेवा प्रवाह गर्दा संस्थाको विनियमको उद्देश्य तथा कार्यहरुमा समावेस गरी साधारणसभाबाट पारीत र कार्यालयबाट स्वीकृति समेत लिएको हुनु पर्नेछ । विद्युतिय माध्यम मार्फत उल्लेखित कारोबार गर्दा नेपाल राष्ट्र बैंकले तोकेका मापदण्डहरु समेत पुरा गर्नु पर्नेछ ।यस्ता प्रकारका सेवाहरु प्रवाह गर्दा लाग्ने न्युनतम शुल्क संचालक समितिबाट स्वीकृत गरेर मात्र सेवा संचालन गर्नु पर्नेछ ।यसरी सेवा प्रवाह गने संघ /संस्था र सेवा प्रदायक बिच भएको संम्झौताको प्रति नियामक निकायमा एक महिना भित्रमा पेस गर्नु पर्नेछ ।

(४) साधारणसभाको अधिकार क्षेत्र भित्र पर्ने सदस्यको दायित्व मिनाहा गर्ने,संचालक समिति र लेखा समितिको भत्ता सुविधा निर्धारणको बिषय, ब्यवस्थापकको पारीश्रमिक तथा सुविधा, संस्थाले लिने ऋण दायित्वको सीमा,संस्था एकिकरण थगा बिभाजन ,सम्पत्ति खरिद बिक्रि ,लेखापरीक्षक नियुक्ति र पारश्रिमिक तोक्ने आदी बिषय लगायत संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने जस्ता बिषयहरु साधारणसभाको निर्णय अनुसार मात्र गर्नु पर्नेछ ।उल्लेखित बिषयहरुका सम्बन्धमा संचालक समितिबाट मात्र निर्णय गराएर कार्य गर्न पाईने छैन ।

**४०. सहकारी संस्थाको कार्यालय सम्वन्धि व्यवस्था** :(१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्रको स्थानमा विनियमले तोके बमोजिम स्थापना गर्नु पर्नेछ ।

(२) कार्यालयको स्थापना संम्भव भएसम्म बढी शेयर सदस्यहरु बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

(३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेका भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाँउमा सार्न शाखाले निर्देशन दिनेछ ।

(४) संस्था/संघको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालयको निरीक्षण गर्न शाखालाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

(५) संस्था/संघको कार्यालय सार्नु पर्दा शाखाको अग्रिम स्वीकृति लिइ मात्र सार्न सकिनेछ । कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ ।

(६) यस अघि विनियममा तोकिएको वडा भन्दा वाहिरको वडामा कार्यालय स्थापना भएको भए यो मापदण्ड लागु भएको १ महिना भित्र विनियममा तोकेबमोजिमको वडामा सारी सक्नुपर्नेछ ।

(७) संस्थाबाट सदस्यरुलाइृ प्रदान गर्ने सेवाहरुमा लाग्ने शुल्क, ब्याज तथा हर्जाना आदी सम्बन्धि प्रकृयाका बिषयहरु, उपलब्ध हुने सेवा, सेवाको प्रकार, सेवा प्राप्तगर्ने प्रकृया, लाग्ने समय जिम्मेवार शाखा वा कर्मचारी र सेवाका सर्तहरु समेत समावेस गरी वडापत्र मार्फत सूचना पाटीमा र स.स्थाको वेभसाईटमा सार्वजनिक गर्नु पर्नेछ ।

(८) संस्थाको मासीक कारोबारको बिवरण सूचना पार्टी मार्फत मासीक रपमा सार्वजनिक गर्नु पर्नेछ ।

(९) संस्थाको संचालक समिति तथा कर्मचारीहरुको काम कारबाहीका सम्बन्धमा भए गरेका गुनासाहरु संकलन गर्नका लागि अनिवार्य रुपमा गुनासो पेटीका र १ जना गुनासो सुन्ने अधिकारीको ब्यवस्था गर्नु पर्नेछ ।

**४१.साइनबोर्ड राख्ने सम्वन्धी व्यवस्था :** (१) प्रत्येक संस्था/संघले दर्ता प्रमाण पत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता गर्ने कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपीमा साइनबोर्ड लेखी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(२) सहकारीको साइन बोर्डमा एक रुपता ल्याउनको लागि साइन बोर्डको रंग हल्का हरियो सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको साइनवोर्ड ६ फिट लम्वाइ तथा ४ फिट चौडाइको हुनुपर्नेछ ।

**४२. मासिक विवरण अध्यावधिक रुपमा राख्ने र शाखामा पठाउने :**(१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणीत गरी राख्नु पर्नेछ । मासिक कारोबारको विवरण सदस्यहरुको जानकारीको लागि संघ संस्थाले सूचनापाटीमा नियमित रुपमा प्रकाशित गर्नु पर्नेछ ।

(२) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले अनूसुची-१० बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले १५ दिन भित्र शाखामा विवरण पेश गर्नु पर्नेछ वा मासिक वित्तिय विवरण कोपोमिस मार्फत समेत पठाउन सकिनेछ । विवरण दाखिला नगर्ने संस्थालाई ऐन तथा नियमावली बमोजिम कारबाही हुनेछ ।

**४३. PEARLS अनुगमन विधि अनुसार खाता राख्नु पर्ने :**शाखाबाट बचत तथा ऋणको कारोवार गर्ने संस्थाको अनुगमन गर्दा PEARLS (Protection, Effectiveness financial structure, Assets Quality, Rates of return and cost, Liquidity, Sign of growth) को अनुगमन विधि अबलम्बन गरिनेछ । १ करोड भन्दा बढीको बार्षिक कारोवार गर्ने बचत तथा ऋणको कारोबार गर्ने संस्था/संघले वित्तिय कारोबारको लेखा पर्ल्स अनुगमन विधी सँग तालमेल हुन गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यका लागि लेखा राख्ने कर्मचारीलाई अनिवार्य रुपमा यस विधीको अभ्यास गर्ने गराउने वा तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ ।

**४४. लेखा राख्ने प्रणाली** :(१) सहकारी संस्थाको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्तमा आधारित रहेर राखिने छ ।

**(२)** संस्थाका सदस्यहरु बीच लाभाशं वितरण प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोवारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसाबमा खर्च लेखी व्याज मुल्तवी हिसावमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

**४५. सूचना प्रशारण गरिने :** कुनै संस्था/संघका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून, शाखाबाट जारी गरिएको यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरु विपरित काम कारबाही गरेको पाइएमा सो को विवरण सहित संचालकलाई समय सीमा सहित काम कारबाही र कारोवार सच्याउन शाखाले निर्देशन दिने छ । यसरी दिएको निर्देशन कार्यान्वयन नभएमा शाखाले सोको सूचना संचार माध्यमबाट सम्वन्धित सबैलाई जानकारी गराई सूचित वा सचेत गराउन सक्नेछ ।

**४६ सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्ने** :(१) सहकारी संस्थाले अचल सम्पत्ति खरीद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरिद विक्रि प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरीद विक्रि गर्दा पारदर्शिता प्रक्रिया अबलम्बन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको बारेमा अनुगमन गरी शाखाले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) संस्थाले सम्पत्ति खरिद गर्दा नकमाउने सम्पत्ति (घर जग्गा, उपकरण, कार्यालय सामान,सापटी पेस्की, नगद आदी कुल सम्पत्तिको ५% भन्दा बढी हुनु नहुने ।

(३) सहकारी संस्थाहरुले अचल सम्पत्ति तथा पूजिगत सम्पत्तिको बिक्रि गर्दा प्रापत भएको पूजिगत नाफालाई आम्दानीमा समावेस गरी लाभांसका रुपमा बिरण गर्न पाईदैन । त्यस्तो रकम जगेडाकोषमा जम्मा गर्नु पर्दछ ।

**४७. सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुने** :सहकारी स.सथाहरले खरिद गरेकोसंस्थाको सम्पत्तिहरु संस्थाकै नाममा राख्नु पर्नेछ । सम्पत्तिहरु व्यक्ति वा अन्य कुनै निकायको नाममा राखेको पाइएमा जालसाजी वा ठगी गरेका अभियोगमा सम्वन्धित पदाधिकारी र निर्णयमा सहभागी पदाधिकारीलाई प्रचालित कानून बमोजिम कारबाही गरिनेछ ।

**४८ रजिष्ट्रेशन छुट सम्बन्धी व्यवस्था :** (१) शाखाको कार्यक्षेत्र भित्रका संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शुल्क छुट सुविधाको सिफारिस गर्दा श्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । शाखा ले जारी गरेको मापदण्ड, शाखाको निर्देशन र सहकारीको मूल्य र सिद्धान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुविधा उपलब्ध गराइने छैन । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको हकमा जगेडाकोषको ५० प्रतिशत र पूँजीको १:१५ कायम गरी थप पुँजी निर्माण गरी मात्र घर जग्गा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट सुबिधाका लागि साधारण सभाको स्वीकृति, घरजग्गा खरिदका लागि पर्याप्त जगेडा कोष वा शेयर पूँजी भए नभएको विवरण प्रमाणीत हुने लेखा परीक्षण प्रतिवेदन र हालको कारोकार खुल्ने कागजात, प्रचलित मूल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुट सुबिधा लिइ खरिद गरेको घर जग्गाको विवरण पेश गर्नु पर्नेछ । छुट सुबिधामा खरिद गरिने घर जग्गा संस्था/संघको

कार्यालय, पसल, गोदाम र मेशिनरी जडान एवं प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरितको कार्यमा छुट सुबिधामा खरीद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजस्व सरकारी बाँकी सरह असुल उपर गर्न सम्वन्धित निकायमा लेखी पठाइनेछ ।

(३) संघीय सहकारी ऐनको दफा ५९ को उपदफा (१) को खण्ड (ख) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्वन्धित संस्थाले देहायको विवरण सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ

(क) यसरी निवदेन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिइ अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाण पुर्जा र सम्वन्धित कागजातको प्रतिलीपी,

(ख) साधारण सभाको बैठकबाट घरजग्गा धनीको नामनामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्वर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्वन्धमा भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलीपी,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पुँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणीत गरेको वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पुँजी र जगेडाकोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पुँजी, जगेडा कोष र वचत रकमको दर्तावाला लेखापरीक्षकले प्रमाणित गरेको वित्तिय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना,

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता गर्ने अधिकारीले छुट सुविधाको लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**४९. संस्था संचालन अघि सहकारी सम्वन्धि अभिमुखिकरण तालिम लिनुपर्ने** : (१) संस्था दर्ता प्रमाण पत्र प्राप्त गर्नु पूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयर सदस्यहरुलाई सहकारी सम्वन्धी अभिमुखीकरण तालिम लिई सोको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको व्यवस्था शाखा र जिल्ला सहकारी संघले समन्वय गरी शाखाले तयार गरेको पठ्यक्रमका आधारमा संचालन गरिनेछ । अभिमुखिकरण तालिमको खर्च प्रस्तावित संस्थाले व्यहोर्नु पर्नेछ ।

(३) सहकारी सम्वन्धि कुनै पनि तालिमको लागि वडा तह, सहकारीका संघ वा गैर सरकारी संस्थाहरुले शाखासँग समन्वय गरी स्वीकृत पाठ्यक्रम बमोजिम मात्र तालिम संचालन गर्न गराउन प्रोत्साहन गरिनेछ ।

(४) संस्थाहरुले शिक्षा, सूचना र तालिम सहकारी शिक्षा कोषको उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्वन्धि ज्ञान शेयर सदस्यहरुलाइ उपलव्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) बार्षिक १ करोड भन्दा बढी कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्था र वचत तथा ऋणको कारोबार गर्ने बहुउद्देश्यीय सहकारी संस्थाका संचालक समिति र लेखा समितिका कम्तीमा ५० प्रतिशत पदाधिकारीहरुले संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरिक्षण सम्वन्धी तालिम लिनु पर्नेछ । संचालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ३ महिना भित्र पालैपालो यस अघि तालिम नलिएका पदाधिकारीलाई उपरोक्त तालिम लिने व्यवस्था संस्थाले गर्नु पर्नेछ ।

**५०. कर्मचारी सम्वन्धि व्यवस्था** :(१) तीन जना भन्दा बढी कर्मचारी भर्ना गर्नुपर्ने संस्था/संघले संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा साधारण सभाको स्वीकृतिमा कर्मचारी पद, संख्या र संगठनको ढाँचा निर्धारण गर्नुपर्नेछ ।

(२) कर्मचारी प्रशासन सम्वन्धी नियमावली सधारणसभाबाट पारित गराई मात्र लागु गर्न सकिनेछ । कर्मचारी प्रशासन सम्वन्धी नियमावली अनुसार मात्र भर्ना, नियुक्ति, बढुवा, दण्ड-सजाय र पुरस्कृत, सुविधाहरु र अवकाश आदि सम्वन्धी काम गर्न सकिनेछ । नियमावलीको व्यवस्था नगरी वा नियमावली विपरित गरिएको कर्मचारी प्रशासन सम्वन्धी कार्यलाई शाखाले खारेज गर्न सक्नेछ ।

(३) संस्थामा आवश्यक पर्ने कर्मचारीहरु स्थायी, अस्थायी वा करारमा नियुक्ति गर्दा कर्मचारी प्रशासन नियमावलीमा व्यवस्था भएको प्रक्रिया पुऱ्याएर मात्र गर्नुपर्नेछ ।

(४) संस्थाले साधारणसभाबाट पारीत भएको कर्मचारी प्रशासन सम्बन्धि नियमावलीमा भएको दरवन्दी मध्ये आवश्यक संख्यामा मात्र कर्मचारी नियुक्ति गर्नु पर्नेछ । प्रचलित कानून बमोजिम नियुक्ति पत्र नदिइ कुनै कर्मचारीलाई काममा लगाउन पाइने छैन ।

(५) संस्थाले commission base मा बजार प्रतिनिधी नियुक्त गर्न पाइने छैन ।

(६) संस्थाको अध्यक्ष एवम् लेखा समिति संयोजकका एकाघर परिवारका सदस्य संस्थाको व्यवस्थापक /प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन पाउने छैनन् ।

(७) निर्वाचित जनपत्रिनिधी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहका कर्मचारीहरु कुनै पनि संस्थाको कर्मचारी वा बजार प्रतिनिधी वन्न सक्नेछैनन ।

(८) सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी वा सदस्यहरु सोही वा अन्य कुनै सहकारी संस्थाको कर्मचारी वा बजार प्रतिनिधी वन्न सक्ने छैनन ।

**५१. नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नुपर्ने** : (१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संस्थाले आफ्नो कार्यालयमा रहेको न्यूनत्तम नगद मौज्दात, मार्गस्थ नगद र कारोवार काउन्टरको विमा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिमा गरिएको भन्दा बढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

(३) नगद रकम बैकमा जम्मा नगरी नगदै कारोबार गर्ने वा  कुनै संचालक वा शेयर सदस्य वा कर्मचारीले आफ्नो जिम्मामा राखि प्रयोग गर्न पाइने छैन ।

**५२. पेश्की लिन नपाइने** : (१) संस्थाका सञ्चालक, व्यवस्थापक र लेखा समितिका पदाधिकारीलाई काम र पेश्की फछ्र्यौटको समय  सीमा नतोकी र समितिको स्वीकृति बिना पेश्की दिन पाइने छैन ।

(२) उपदफा (१) विपरित  लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकत्तम व्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

**५३.वचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु** : वचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले ऐन तथा नियमावलीले बन्देज गरेका कामका अतिरिक्त देहायका कामहरु गर्नु गराउनु हुँदैन :-

(क) वासलात बाहिरको कारोवारहरु ( जस्तै : प्रतित पत्र, जमानत आदि),

(ख) सदस्यहरुलाई अधिविकर्षण (ओभर ड्राफ्ट) कर्जा प्रवाह,

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद बिक्री तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी,

(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह,

(ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह,

(च) चल्ति खाता सञ्चालन,

(छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधीको निक्षेप स्वीकार गर्ने,

(ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनियम ।

**५४. सम्पत्ति सुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयन :** (१) वित्तिय कारोवार गर्ने सहकारी संस्थाले प्रचलित सम्पत्ति सुद्धिकरण (Money loundring) निवारण ऐन र नियमावलीमा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(२) वित्तिय कारोवार गर्ने संस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।

(३) नेपाल राष्ट्र बैक, वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तिय कारोवार गर्ने सहकारी संस्थाले संचालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

(४) यस सम्वन्धमा सम्वन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरु उपलब्ध गराइ नियमन गर्ने कार्यमा सहयोग गर्नु सवै संस्था/संघको कर्तव्य हुनेछ ।

**५५. रोक्का राख्न सक्ने :**(१) सहकारी संस्थाहरुवाट बिनाधितो वा धितोराखी ऋण प्राप्त गरेका सदस्यहरुले समयमा ऋण नतिरी बाँकी बक्यौता राखेमा त्यस्ता ऋणिहरुको ऋण असुलिको लागि सम्वन्धित सहकारी सस्थावाट अनुरोध भई आएमा नगर सहकारी समितिको निर्णय अनुसार सहकारी शाखाले सम्बन्धित ऋणी वा निजको एकाघर परिवार सदस्यको नामको  चल अचल सम्पति रोक्काको लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ र रोक्का गरिदिनु सम्वन्धित निकायको कर्तव्यहुन आउने छ ।

(ख) उपदफा (१) अनुसार ऋण नतिर्ने ऋणिहरुको निजको वा एकाघरपरिवार सदस्याको नाममा भएको वैकखाता रोक्काको लागि सम्वन्धित निकायलाई लेखिपठाउन सकिनेछ र खाता रोक्का गरिदिन सम्वन्धित निकायको कर्तव्य हुन आउने छ ।

ग) सहकारी संस्थावाट ऋण लिई ऋण नतिर्ने ऋणी सदस्यहरुको हकमा संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम चुक्ता नगरेसम्म निज वा निजका एकाघर परिवारका सदस्यलाई ईटहरी उपमहानगरपालिका वाट प्रवाहहुने सेवाहरु उपलब्ध नगराउन सक्नेछ ।

**५६. सहकारी संस्थाको विषय पहिचान :** शाखाले सहकारी संस्थाको दर्ता गर्दा  ऐनको दफा १२ सँग सम्वन्धित विषयहरुमा मात्र गर्न सक्नेछ ।

**५७. संस्था वा संघ एकिकरण सम्वन्धि व्यवस्था :** (१) ऐनको दफा ६७ तथा नियमावलीको२७ को अधीनमा रही संस्थाको एकिकरण गरिनेछ ।

(२) एकै प्रकृतिका  वा फरक प्रकृतिको भए तापनि एउटै विषयमा प्रतिस्पर्धा गरिरहेका सहकारी संस्थाहरुको एकीकरण गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम फरक प्रकृतिको तर एकै विषयमा प्रतिस्पर्धा भएका सहकारी संस्थाहरुको एकीकरण पूर्व नगर सहकारी समितिको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएता पनि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको अनुदान प्राप्त गरेका सहकारी संस्थाहरुको हकमा अनुदानको उद्देश्य अनुरुप उपयोग नगरेको पाइएमा फरक प्रकृति कायम हुने गरी संस्था एकिकरणको लागि स्वीकृति प्रदान गरिने छैन ।

(५) संघिय मन्त्रालयको पूर्व स्वीकृति विना सम्वत् २०४९ साल जेष्ठ २ गते भन्दा अगाडी दर्ता भएका साझा (सहकारी) संस्थालाई अर्को संस्थामा एकिकरण गर्नसकिने छैन ।

(६) विशेष रुपमा पिछडिएका समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशिलतामा असर पर्नेगरी त्यस्ता संस्थाहरु अर्को संस्थामा एकिकरण गरिने छैन ।

(७) जुनसुकै तहले नियमन गर्ने संस्थाहरुबीच आवश्यकता र औचित्यताको आधारमा एकिकरणका लागि मापदण्ड जारी भएको छ महिना भित्र प्रस्ताव पेश हुन आएमा एक पटकका लागि एकिकरणको स्वीकृति दिन सकिनेछ ।

(८) इटहरी उपमहानगरपालिकाको नियमन क्षेत्र भित्रका फरक प्रकृतिका भएता पनि एकै विषयमा प्रतिस्पर्धा गरीरहेका जुनसुकै सहकारी सस्था बीच एकिकरण गर्न सकिनेछ ।

(९) सहकारी संस्था एकिकरण सम्वन्धी अन्य व्यवस्था सहकारी एकीकरण कार्यविधी बमोजिम हुनेछ ।

**५८.प्रतिवेदन पेश गर्नुपर्ने** : (१)सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्षका सम्वन्धमा आगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र अनुसुची ११ को ढाँचामा वार्षिक प्रगति विवरण पेश गर्नुपर्नेछ ।

(२) संस्थाहरुले अनुसुची ७को ढाँचामा प्रत्येक चौमासको सञ्चालक, लेखासुपरीवेक्षण समितिका पदाधिकारीहरुको तथा व्यवस्थापकको शेयर, वचत र ऋणको विवरण चौमास समाप्त भएको १५ दिन भित्र शाखामा पेश गर्नुपर्नेछ ।

